# विद्यालय शिक्षा विधेयक सम्बन्धी प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन, २०८१

## (वागमती प्रदेश)

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सचिवालय

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

सिंहदरबार, काठमाडौं

२०८१

## परिच्छेद एक
## परिचय


१.१ पृष्ठभूमि ........ १
१.२ कार्यक्रमको उद्देश्य ........ ३
१.३ कार्यक्रमको विधि तथा प्रकृया ........ ४
१.४ अध्ययनको सीमा ........ ४
१.५ प्रतिवेदनको संरचना ........ ४


## परिच्छेद दुई
## विद्यालय शिक्षा विधेयक, २०८० को अन्तरवस्तु


२.१ विधेयकको सामान्य परिचय ........ ५
२.२ विधेयकले समेटेका मूलभूत विषय ........ ५
२.३ विधेयकका केही प्रमुख सवाल ........ ९


## परिच्छेद तीन
## कार्यक्रम सम्बन्धी विस्तृत विवरण


३.१ अन्तर्क्रिया कार्यक्रम ........ १०
३.२ अन्तर्क्रिया कार्यक्रमबाट प्राप्त राय सुझाव ........ १०
३.३ राय सुझावको सार ........ ३४
३.४ विद्यालयको स्थलगत अवलोकन ........ ३८


## परिच्छेद चार
## निष्कर्ष तथा सुझाव


४.१ निष्कर्ष ........ ३९
४.२ सुझाव ........ ४०


## अनुसूची


अनुसूची १ कार्यक्रमको मोडालिटी ........ ४२
अनुसूची २ कार्यक्रमका सहभागी सरोकारवाला ........ ४३
अनुसूची ३ अन्तर्क्रिया कार्यक्रम तालिका ........ ४४
अनुसूची ३ विधेयकका सम्बन्धमा विज्ञको प्रस्तुतीकरण ........ ४५
अनुसूची ४ अन्तर्क्रिया कार्यक्रमका केही झलक ........ ४९
अनुसूची ५ विद्यालयको स्थलगत अवलोकन सम्बन्धी केही झलक ........ ५०

# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

विद्यालय शिक्षा कुनै पनि राष्ट्रको विकास र समाज सुधारको आधारभूत खम्बा मानिन्छ । नेपालको शैक्षिक प्रणाली लामो समयसम्म घर र गुरुकुलमा आधारित थियो। यो पूर्व भारतीय शिक्षा प्रणालीसँग मिल्दोजुल्दो थियो, जसमा विद्यार्थीहरू आफ्नै घरमा वा प्रतिष्ठित पण्डितहरू वा गुरुहरूसँग अध्ययन गर्थे। नेपालमा राणा शासनको उत्तरार्द्धसम्म सिमित विद्यालय थिए र सर्वसाधारण सबैले औपचारिक शिक्षामा पहुँच पाएका थिएनन्। अझ भन्ने हो भने २००७ सालमा जहानिया राणा शासनको अन्त हुनुअघिसम्म शिक्षामा सबैलाई सहज पहुँच हुन सकेको थिएन। विद्यालयहरुको विस्तार पनि व्यापक रुपमा भएको थिएन।[1]

नेपालमा विद्यालय शिक्षाले धेरै सुधार र परिवर्तनको सामना गर्दै आएको छ। २००७ सालको प्रजातन्त्रको उदयसँगै देशमा शिक्षाले गति लिन थाल्यो र योजनावद्ध विकासको शुरुवातसँगै शिक्षाले नयाँ आयाम फर्न थाल्यो भन्न सकिन्छ । विस्तारै राजनीति प्रणालीको संस्थागत विकासको क्रमसँगै शिक्षामा नयाँ नयाँ शुरुवात र प्रयोगहरु हुँदै गए र वर्तमानसम्म आइपुग्दा सबैका लागि शिक्षा, अनिवार्य शिक्षा र निःशुल्क शिक्षा भन्ने जस्ता कुराहरु नीतिगत रुपमै स्वीकार भए र शिक्षामा सबैको पहुँचलाई सहज बनाउने उपायहरुको अवलम्बन पनि हुँदै गएको पाइन्छ ।

विद्यालय शिक्षा ऐन २०७५ 'विद्यालय तहको संरचना, गुणस्तर, र व्यवस्थापन सुधारमा केन्द्रित रहेको छ । नेपालले हाल निःशुल्क र अनिवार्य शिक्षा नीति अवलम्बन गरेको छ । भूकम्प प्रभावित क्षेत्रमा नयाँ विद्यालय भवन निर्माण गरिएको छ । सोलार प्रणाली, कम्प्युटर ल्याव र विज्ञान उपकरण उपलब्ध गराउने जस्ता प्रयासहरु भएका छन् । समुदायका विपन्न, दलित, महिला, र अन्य पिछडिएका वर्गका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ । डिजिटल साक्षरता प्रवर्द्धन गर्न ई-पाठ्यक्रम, स्मार्ट कक्षा जस्ता प्रयासहरु भएको पाइन्छ । अध्यापन कला सुधार गर्न राष्ट्रिय शिक्षक प्रशिक्षण केन्द्रहरू स्थापना गरिएको छ।ग्रामीण क्षेत्रका शिक्षकका लागि विशेष प्रशिक्षण कार्यक्रम संचालन भएको पाइन्छ।

नेपालको विद्यालय शिक्षा संरचनालाई पूर्व प्राथमिक शिक्षा (४ वर्ष उमेर पुरा गरेका विद्यार्थीलाई दिइने एक वर्षे शिक्षा), प्राथमिक शिक्षा (कक्षा १ देखि कक्षा ५ सम्मको शिक्षा), आधारभूत शिक्षा

[1] नेपालमा शिक्षा, शिक्षा महाविद्यालयको प्रकाशन विभाग, १९५६

(प्रारम्भिक बाल शिक्षादेखि कक्षा ८ सम्मको शिक्षा), माध्यामिक (९-१२ कक्षा) शिक्षा गरी विभाजन गरिएको छ । यसका अतिरिक्त अपाङ्गता भएका बालबालिकालाई अलग्गै समूहमा राखी विशेष शिक्षा समेत संचालन गरिएको छ ।[२] शिक्षा ऐन, २०२८ र विद्यालय शिक्षासम्बन्धी नियमावलीले यसको प्रशासन, पाठ्यक्रम, र परीक्षा पद्धतिको मापदण्ड तोकिदिएको छ।

नेपालमा हाल सामुदायिक र संस्थागत विद्यालयहरु रहेका छन्। सामुदायिक (सरकारी) विद्यालयहरूको व्यवस्थापन शिक्षा मन्त्रालयद्वारा गरिन्छ, जबकि संस्थागत विद्यालयहरू व्यक्ति वा संस्थाद्वारा सञ्चालन गरिन्छ। नेपालमा झण्डै ३५,००० विद्यालय छन्, जसमध्ये करिब ७०% विद्यालय सार्वजनिक छन्। सामुदायिक विद्यालयहरू ९०% र संस्थागत विद्यालयहरू १०% को हाराहारीमा रहेका छन् । तर परिणाम भने ठिक उल्टो रहेको छ ।

विद्यालय शिक्षाका लागि नेपालको कुल बजेटको करिब १२ प्रतिशतको हाराहारीमा लगानी रहेको छ । यति हुँदाहुँदै पनि विद्यालय शिक्षाको गुणस्तरमा अनेकौं प्रश्नहरु उठ्ने गरेका छन् । गुणस्तरमाथि प्रश्न उठ्नका विविध कारण मध्ये विद्यालय शिक्षा सम्बन्धी प्रमुख समस्याहरु नै प्रमुख कारकको रुपमा लिने गरिन्छ ।

ग्रामीण क्षेत्रका विद्यालयमा भवन, शौचालय, खानेपानीजस्ता आधारभूत भौतिक सुविधाको अभाव, प्राविधिक र डिजिटल साधनहरूको सीमितता जस्ता भौतिक समस्या, अध्ययन-अध्यापन पद्धति परम्परागत कण्ठस्थापनमा आधारित हुनु, शिक्षकहरूको अपर्याप्त प्रशिक्षण र मूल्याङ्कन प्रणालीको कमजोर हुनु जस्ता गुणस्तरीय शिक्षाको अभावजन्य समस्या, अधिकांश बालबालिका, विशेषगरी गरिब परिवारका, विद्यालय जानबाट वञ्चित हुनु, निजी र सार्वजनिक विद्यालयबीचको असमानता छ ।सम्पन्नले महङ्गो शिक्षा लिने र विपन्नले सामुदायिक विद्यालयमा शिक्षा लिने जसले गर्दा दुई प्रकारको जनशक्ति उत्पादन हुनु जस्ता आर्थिक अभावजन्य समस्या, विकट भूगोल र दुर्गम क्षेत्रका कारण ग्रामीण बालबालिकाले शिक्षामा असमान पहुँच हुनु, कतिपय दुर्गम स्थानका बालबालिकाहरु विद्यालय जान नपाउनु जस्ता भूगोल र दुरीजन्य समस्या, विशेष गरी ग्रामीण क्षेत्रमा छात्रा विद्यार्थीका लागि नियमित विद्यालय जान कठिन हुनु जस्ता लैङ्गिकजन्य समस्याहरु टड्कारो रुपमा रहेका छन्।

त्यसैगरी विद्यालय शिक्षा अनेकौं चुनौतीले जकडिएको छ । बदलिंदो विश्व सन्दर्भ अनुसार नेपाली विद्यालय शिक्षालाई प्राविधिक र डिजिटल रूप दिनुपर्ने, बहुभाषिक समाजमा शिक्षा सबैलाई उपलब्ध गराउन शिक्षा माध्यमलाई स्थानीय भाषाहरूसँग सामन्जस्य गराउनुपर्ने, शिक्षा नीतिहरूको प्रभावकारी कार्यान्वयनमा कमजोरी रहेको पाइन्छ। बनेका नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन

[२] विद्यालय शिक्षा ऐन, २०२८

गराउनु, दीर्घकालीन सेवा सुरक्षाका कारण योग्य शिक्षकहरूको अभावलाई पूर्ति गराउने, विद्यालय व्यवस्थापनमा अभिभावक, समुदायका अगुवा र विद्यार्थीहरूलाई सक्रिय रूपमा संलग्न गराउने जस्ता केही प्रमुख चुनौतीहरु समेत रहेका छन् ।

उल्लेखित समस्या तथा चुनौतीलाई संवोधन गर्ने अभिप्रायले सरकारले विद्यालय शिक्षाको सुधार र प्रवर्द्धनका लागि विभिन्न पहलहरू गर्दै आएको पाइन्छ ।

यसका अतिरिक्त मुलुक संघीयतामा गएपश्चात संघिय संरचना र अधिकार सूची वमोजिम नै विद्यालय शिक्षामा सुधार गरिनु पर्ने अवस्थालाई मध्यनजर गरी नेपाल सरकारबाट प्रतिनिधि सभामा विद्यालय शिक्षा विधेयक, २०८० दर्ता हुन आएको र उक्त विधेयक हाल शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दफावार छलफलको क्रममा रहेको छ। विद्यालय शिक्षा क्षेत्रमा रहेका अनेकौं समस्याको समाधान गरी शिक्षा क्षेत्रमा नयाँ परिवेश सिर्जना गर्ने उद्देश्यले ल्याएको उक्त विधेयकले केही विषयहरु उठान गरेको छ, उक्त विषयहरु राजनीतिक दलहरुबीच साझा धारणा बनाएर तथा स्थानीय र प्रदेश सरकारको एवं अन्य सरोकारवालाहरुको राय सुझाव लिएर मात्र समाधान गर्न सकिने समितिको ठहर वमोजिम समितिले २०८१ पुस ३ गते सातै प्रदेशमा प्रदेशस्तरीय कार्यक्रम गर्ने तय गरी अनुसूची -१ वमोजिमको मोडालिटी समेत तय गरेको थियो । सोही वमोजिम २०८० माघ १४ गते वागमती प्रदेशमा अनुसूची २ वमोजिमका सहभागीहरुसँग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा समितिको तर्फबाट माननीय सभापति अम्मरबहादुर थापा, माननीय सदस्य देवेन्द्र पौडेल, माननीय सदस्य इश्वरी घर्ती र माननीय सदस्य लिलादेवी वोखिम, माननीय सदस्य ज्ञानु वस्नेत सुवेदी रहेको टोली बनेको थियो । त्यसैगरी सचिवालयबाट समिति सचिव श्री दशरथ धमला, शाखा अधिकृत श्री सदन राई र प्रा. स. सुजितकुमार यादव सहभागी हुनु भएको थियो ।

## १.२ कार्यक्रमको उद्देश्य

विद्यालय शिक्षा विधेयकाको सम्बन्धमा स्थानीय र प्रदेश तहका सरोकारवालाहरूका सुझाव संकलन गरी दफावार छलफलको क्रममा त्यस्ता सुझावलाई समेट्ने कार्यक्रमको प्रमुख उद्देश्य हो । यसका अतिरिक्त अन्तर्क्रिया कार्यक्रम सम्बन्धी अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन्

- विद्यालय शिक्षाका सम्बन्धमा विद्यमान समस्या तथा चुनौतीबारे जानकारी प्राप्त गर्ने
- विद्यालय शिक्षा क्षेत्रमा सरोकारवालाहरुको अपेक्षाबारे जानकारी प्राप्त गर्ने
- विद्यालय शिक्षाको समग्र सुधारका लागि चालिनुपर्ने कदमहरुको बारेमा जानकारी लिई सम्बन्धित निकायलाई सुझाव तथा निर्देशन दिने ।

## १.३ कार्यक्रमको विधि तथा प्रकृया

कार्यपत्र प्रस्तुती र सामूहिक छलफल तथा विधेयकका सम्वन्धमा सहभागीहरुबाट राय सुझाव विचार, सुझाव एवं जिज्ञासा प्राप्त गर्नेगरी तय भएको उक्त कार्यक्रम मुख्यतः छलफफल विधिमा आधारित थियो । कार्यपत्र मार्फत विधेयकका अन्तरवस्तुबारे जानकारी गराई सुझाव प्राप्त गर्ने प्रकृया अपनाइएको थियो भने सहभागीहरुले विद्यालय शिक्षा विधेयकका प्रावधानमा आफ्ना टिप्पणी राख्दै अव विद्यालय शिक्षाका लागि के कस्तो सुधार गरिनुपर्छ र विझान विधेयकमा के परिमार्जन गरिनुपर्छ भन्ने सन्दर्भमा धारणाहरु राख्ने प्रकृया अपनाइएको थियो ।

## १.४ सीमा

यो प्रतिवेदन सहभागीहरुबाट प्राप्त हुन आएका विचार, दृष्टिकोण तथा राय सुझावमा आधारित भई तयार पारिएको छ । स्थानीय तह तथा प्रदेश तहका नमूनाको रुपमा छनौट गरिएका जनप्रतिनिधि, शिक्षक, अविभावक, व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षा क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त राय, सुझावलाई आधार मानिएको छ। यो प्रतिवेदनले वागमती प्रदेशको समग्रतालाई प्रतिनिधित्व गर्ने भएतापनि प्रदेशका सबै जनप्रतिनिधि तथा प्रदेश सरकारका सबै मन्त्रालय एवं प्रदेशका सबै स्थानीय सरकारका प्रतिनिधि तथा विद्यालय क्षेत्रका सबै शिक्षक, विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवाहरुलाई प्रतिनिधित्व गराउन सकिएको छैन। छलफलमा उपस्थित सहभागीहरुबाट आएका राय सुझावमा मात्र आधारित रही निष्कर्ष निकालिएको छ ।

## १.५ प्रतिवेदनको संरचना

यो प्रतिवेदन चार परिच्छेद विभाजित छ । पहिलो परिच्छेदमा परिचय, दोस्रोमा विद्यालय शिक्षा विधेयकको बारेमा, तेस्रो परिच्छेदमा कार्यक्रमको विस्तृतीकरण, परिच्छेद चारमा निष्कर्ष तथा सुझाव समावेश गरिएको छ र अन्तमा केही अनुसूचीहरु समेत समावेश गरिएका छन् ।

## परिच्छेद दुई

## विद्यालय शिक्षा विधेयक, २०८० को अन्तरवस्तु

### २.१ विधेयकको सामान्य परिचय

विद्यालय शिक्षा विधेयक, २०८० प्रतिनिधि सभामा २०८० भदौ २७ दर्ता भएको थियो । उक्त विधेयक सभाबाट २०८० असोज २५ मा समितिमा दफावार छलफलका लागि पठाउने निर्णय भएतापनि विधेयकका सम्बन्धमा प्राप्त संशोधनहरुलाई एकीकृत गरी समितिमा २०८० मंसिर १४ मा प्राप्त भएको थियो । उक्त विधेयकमा १६३ वटा दफा रहेका छन् । ती दफाहरु उपर प्रतिनिधि सभाका १५२ समूहका सदस्यहरुले १७५८ वटा बुँदा संशोधन प्रस्ताव दर्ता गराउनु भएको छ। यो विधेयक नेपालको इतिहासमा हालसम्मकै सबैभन्दा धेरै संशोधनकर्ता र संशोधनका बुँदा भएको विधेयकको रुपमा रहेको छ ।

### २.२ विधेयकले समेटेका मूलभूत विषय

- विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गर्न तथा विद्यालय शिक्षाका मुलभूत विषयमा समता, एकरूपता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र सञ्चालन सम्बन्धी विषयलाई व्यवस्थित गर्न विद्यालय शिक्षासँग सम्बन्धित प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्ने विधेयकको मूल मर्म रहेको छ ।
- स्थानीय तहले विद्यालयको स्थापना र सञ्चालन गर्दा राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालय सञ्चालनको लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता गर्नुपर्ने
- निजी लगानीको विद्यालय शैक्षिक गुठी अन्तर्गत स्थापना र सञ्चालन हुने
- सामाजिक, धार्मिक वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा स्थानीय तहमा दर्ता गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्ने
- नेपाल सरकार वा प्रदेश सरकारले सम्बन्धित स्थानीय तहसँगको समन्वयमा राष्ट्रिय मापदण्डको अधीनमा रही खास वा विशेष प्रकृतिका विद्यालय स्थापना र सञ्चालन गर्न सक्ने
- माध्यमिक तहमा प्राविधिक शिक्षा, साधारण शिक्षा र परम्परागत शिक्षाका धार (स्ट्रीम) मा पढाइ हुन सक्ने

- शिक्षणको माध्यमभाषा नेपाली, संस्कृत, मातृभाषा वा अङ्ग्रेजी हुन सक्ने
- शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न चाहने व्यक्तिले अनुमतिको लागि निवेदन दिनु अगावै त्यस्तो गुठीको विधान प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय वा सो मन्त्रालयले तोकेको निकायमा दर्ता गर्नु पर्ने
- नेपालस्थित कूटनीतिक नियोगले विदेशी नागरिकका छोराछोरीलाई आफ्नै देशको पाठ्यक्रममा आधारित भई अध्यापन गराउन विद्यालय स्थापना तथा सञ्चालन गर्न अनुमतिको लागि अनुरोध गरेमा नेपाल सरकारले शर्त तोकी त्यस्तो विद्यालय स्थापना र सञ्चालन गर्न अनुमति दिन सक्ने
- विद्यालयको स्थानान्तरण गर्ने, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्नेः
- विद्यालयमा एउटा विद्यालय कोष रहने र रकम प्राप्त हुने स्रोतहरु खुलाइएको
- सार्वजनिक विद्यालयको प्रधानाध्यापकको छनोटका लागि जिल्ला स्थित शिक्षा कार्यालयको प्रमुख, सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा शाखाको प्रमुख र शिक्षा कार्यालयले तोकेको शिक्षाविद् रहेको एक छनोट समिति रहने र छनोट समितिका सदस्यमध्ये वरिष्ठ कर्मचारीले छनोट समितिको संयोजक भई काम गर्ने
- स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमति दिन सक्ने
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको तर्जुमा, पाठ्यक्रम संरचना, पाठ्यपुस्तक तथा पाठ्यसामग्री, विद्यार्थी मूल्याङ्कन सम्बन्धी नीति र मापदण्ड निर्धारणको लागि मन्त्रालयमा सिफारिस गर्न एक राष्ट्रिय पाठ्यक्रम परिषद् रहने
- विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षणको मानक, मापदण्डको विकास, विद्यालयको परीक्षण तथा विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धि परीक्षण गर्न मन्त्रालय अन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने
- माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट र आधारभूत शिक्षा उत्तीर्ण परीक्षा स्थानीय तहबाट सञ्चालन हुनेछ

- सार्वजनिक विद्यालयका शिक्षकको लागि एक विद्यालय शिक्षक सेवाको गठन हुने र कक्षा एकदेखि पाँचसम्म अध्यापन गर्ने शिक्षकलाई साधारण, र कक्षा ६ देखि कक्षा आठसम्म अध्यापन गर्ने शिक्षकलाई विषयगत परीक्षा लिने
- सार्वजनिक विद्यालयका माध्यमिक र आधारभूत तहका साधारण तथा विषयगत तर्फका शिक्षकलाई प्रथम, द्वितीय र तृतीय श्रेणीमा विभाजन गरिने
- सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा तय भए बमोजिम विद्यार्थी सङ्ख्या, विषयगत र कक्षागत आवश्यकताको आधारमा शिक्षकको दरबन्दी रहने
- यो ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक विद्यालयमा कायम रहेका शिक्षक दरबन्दीलाई विद्यार्थी सङ्ख्या, विषयगत तथा कक्षागत आवश्यकता र भौगोलिक अवस्था समेतका आधारमा मन्त्रालयले दरबन्दी मिलान गरी स्थानीय तहमा हस्तान्तरण गर्ने
- विद्यालय शिक्षक सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये उनन्चास प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी त्यसको पचास प्रतिशत पदमा महिलाहरूमात्र र बाँकी पचास प्रतिशत पदमा समूहका उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिने
- शिक्षक पदमा नियुक्तिका लागि योग्यता निर्धारण गरिएको
- स्थानीय तहले सोही स्थानीय तह अन्तर्गतको एक सार्वजनिक विद्यालयबाट अर्को सार्वजनिक विद्यालयमा शिक्षक सरुवा गर्न सक्ने
- सरुवा गर्दा आधारभूत तहको साधारण शिक्षकलाई समान पदको रिक्त पदमा र आधारभूत तहको विषयगत र माध्यमिक तहको शिक्षकलाई विषयगत रिक्त पदमा मात्र सरुवा गर्नु पर्ने
- एउटै श्रेणीमा कम्तीमा पन्ध्र वर्षसम्म कार्यरत आधारभूत वा माध्यमिक तहको द्वितीय श्रेणी वा सोभन्दा मुनिका स्थायी शिक्षक उमेर हदका कारण अनिवार्य अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक श्रेणी माथिको पदमा बढुवा गरिने बढुवा सम्बन्धी विशेष व्यवस्था गरिएको
- सार्वजनिक विद्यालयका शिक्षकको लागि विभिन्न आचरणहरुको व्यवस्था गरिएको
- सार्वजनिक विद्यालयका शिक्षकको विभागीय कारबाही र सजाय सम्बन्धी व्यवस्था गरिएको

- सार्वजनिक विद्यालयका शिक्षकको अवकाश, उपदान र निवृत्तभरण
- कुनै शिक्षक शारीरिक अस्वस्थता वा मानसिक रोगको कारण विद्यालयमा अध्यापन गर्न असमर्थ छ भनी नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्तो शिक्षकलाई पाँच वर्षसम्म सेवा अवधि थप गर्दा निवृत्तभरण पाउने अवस्था पुग्ने रहेछ भने त्यस्तो शिक्षकलाई बाँकी अवधि थप गरी अवकाश दिन सकिने विशेष व्यवस्था गरिएको
- ऐन प्रारम्भ भएपछि स्थायी नियुक्ति हुने शिक्षकको हकमा प्रचलित कानून बमोजिमको योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू हुने
- सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा निर्धारण भए बमोजिम  विद्यालय कर्मचारीको दरबन्दी रहने र शिक्षक सेवा आयोगबाट सिफारिस भएका विद्यालय कर्मचारीको नियुक्ति स्थानीय तहले गर्ने
- सार्वजनिक विद्यालयमा स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक तथा विद्यालय कर्मचारी पदमा नियुक्तिको लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुने
- सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहको शिक्षा सम्बन्धी जिम्मेवारी तथा दायित्व निर्धारण गरिएको
- आयोगले जारी गरेको अध्यापन अनुमतिपत्र प्राप्त नगरी कसैले कुनै विद्यालयमा अध्यापन गर्न, गराउन नपाउने
- निजी लगानीका विद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्ति, पदपूर्ति, पारिश्रमिक र सेवा शर्त सम्बन्धी व्यवस्था स्थानीय तहबाट स्वीकृत गराई लागू गरेको विनियम बमोजिम हुने
- सार्वजनिक शैक्षिक गुठीका विद्यालय वा निजी लगानीका विद्यालयमा कार्यरत शिक्षक तथा सार्वजनिक विद्यालयले आफ्नै स्रोतबाट व्यहोर्ने गरी नियुक्त गरेको शिक्षकलाई दिइने तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धित विद्यालय आफैंले व्यहोर्नु पर्ने
- नेपाल सरकारले प्रत्येक वर्ष बजेटमार्फत प्रत्येक स्थानीय तहलाई विद्यालय तथा विद्यार्थी सङ्ख्या, स्वीकृत शिक्षक दरबन्दी सङ्ख्या र विद्यार्थीले प्राप्त गरेको नतिजाका आधारमा आधारभूत तथा माध्यमिक शिक्षाको लागि सशर्त र विशेष अनुदान रकम उपलब्ध गराउने

- सार्वजनिक विद्यालयको शिक्षकलाई विद्यालयमा अध्यापन गर्ने वा विद्यालयको शैक्षिक प्रशासनिक कार्यमा बाहेक अन्य कुनै कार्यमा लगाउन नपाउने व्यवस्था
- नेपालभर स्थापना भई सञ्चालनमा रहेका विद्यालय र सार्वजनिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको अभिलेख राष्ट्रिय शिक्षक किताबखानामा रहने
- विद्यालयका शिक्षकको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गैर राजनीतिक र व्यावसायिक (प्रोफेसनल) संस्थाको रुपमा नेपाल शिक्षक महासंघ रहने व्यवस्था
- शिक्षा ऐन, २०२८ खारेजको प्रस्ताव गरेको

## २.३ विधेयकका केही प्रमुख सवाल

- निजी विद्यालयको व्यवस्थापन गर्दै निःशुल्क शिक्षा नीतिको कार्यान्वयन गर्ने विषय
- स्थानीय सरकारको संवैधानिक क्षेत्राधिकार कायम राख्दै शिक्षकसँगको नेपाल सरकारले गरेको सम्झौताको कार्यान्वयनको विषय
- शिक्षकहरुको स्वामित्व (नियुक्ति, सरुवा तथा परिचालन र व्यवस्थापन) गर्ने विषय
- शिक्षकहरुलाई दलीकरणबाट मुक्त गर्ने विषय
- कोटा, करार, राहत लगायतका अनेकौं अस्थायी शिक्षकहरुको व्यवस्थापन गर्ने विषय
- विद्यार्थी कम भएका विद्यालयहरुको मर्जिङ्ग सम्बन्धी विषय
- शिक्षालाई गुणस्तरीय, शिपमूलक बनाई रोजगारमा आधारित बनाउने विषय
- विद्यार्थी बढी भएका तर दरबन्दी कम भएका विद्यालयहरुमा शिक्षक दरबन्दीको व्यवस्था मिलाउने विषय
- विषयगत शिक्षकको व्यवस्थापन गर्ने विषय
- प्राविधिक शिक्षालाई जोड दिई स्थानीयस्तरमा जोड्ने विषय
- विद्यालय शिक्षाको मोडल निर्धारण गर्ने विषय
- शिक्षकको मर्यादा र सेवा सुविधाको व्यवस्थापन सम्बन्धी विषय ।

# परिच्छेद तीन
# अन्तर्क्रिया कार्यक्रम तथा विद्यालयको अवलोकन सम्बन्धी जानकारी

## ३.१ अन्तर्क्रिया कार्यक्रमका क्रियाकलाप

वागमती प्रदेशमा विद्यालय शिक्षा विधेयक सम्बन्धी भएको प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रममा समितिका सभापतिले सभापतित्व गर्नुभएको थियो । कार्यक्रमको औचित्य र उद्देश्यमाथि प्रकाश पार्दै कार्यक्रमको सञ्चालन समितिका सचिव दशरथ धमलाले गर्नु भएको थियो । विधेयकका अन्तरवस्तुबारे विज्ञ डा. विष्णुबहादुर कार्कीले प्रस्तुती गर्नु भएको थियो । प्रस्तुतीकरणलाई अनुसूची ३ समावेश गरिएको छ । विज्ञको प्रस्तुतीकरण पश्चात सहभागीहरुबाट राय सुझाव प्रस्तुत भएको थियो । अन्तर्क्रिया कार्यक्रम सम्बन्धी कार्यक्रम तालिका अनुसूची ४ मा समावेश गरिएको छ। अन्तर्क्रिया कार्यक्रम सम्बन्धी केही झलकहरु अनुसूची ५ मा समावेश गरिएको छ । कार्यक्रमको समापन पश्चात समितिले प्रदेशस्तरमा रहेका उत्कृष्ट र अन्य केही विद्यालयको स्थलगत अवलोकन गरी विद्यालयको विविध पक्षमा जानकारी लिएको थियो । विद्यालय अवलोकन सम्बन्धी केही झलकहरु अनुसूची ६ मा समावेश गरिएको छ ।

## ३.२ अन्तर्क्रिया कार्यक्रमबाट प्राप्त राय सुझाव

प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रममा सहभागी विभिन्न सरोकारवालाहरुले राख्नु भएका राय सुझावहरु निम्नानुसार रहेका थिए:

**शिक्षक महासंघको तर्फबाट श्री गुरुप्रसाद पौडेल**

- शिक्षण पेशालाई मर्यादित बनाउनुपर्ने
- दक्ष जनशक्तिको उत्पादन आवश्यक
- शिक्षण पेशामा आकर्षण बढाउने उपायहरु समावेश हुनुपर्ने
- अनुसूची ८ मा स्थानीय सरकारको अधिकारको सूचीमा विद्यालय शिक्षा भएतापनि अनुसूची ९ साझा अधिकारको सूचीमा समेत समावेश भएकोले संविधान सुधार गरेर भएपनि स्थानीय सरकारबाट हटाउनु पर्ने ।
- अस्थायी शिक्षकलाई संझौता अनुसार स्थायी गर्ने, स्थायी हुन नसके शिक्षकलाई गोल्डेन ह्याण्चेक दिने

- अस्थायी शिक्षकको विदा संचित हुने व्यवस्था गर्ने
- सबै विद्यालयमा आवश्यकतानुसार दरवन्दी सिर्जना गर्ने
- बाल शिक्षकको व्यवस्था गर्ने
- २१ वर्षसम्म बढुवा नभएकोले बढुवामा विशेषः व्यवस्था गरी सिरिनियरको आधारमा बढुवा हुने व्यवस्था गर्ने
- शिक्षामा विशिष्ठ श्रेणीसम्मको व्यवस्था गर्ने
- कम्तीमा १० वर्षमा बढुवा हुने प्रावधान राख्ने
- कर्मचारी सरक शिक्षकको ग्रेड हुनुपर्ने
- तल्लो तहबाट योग्यता पुगेमा शिक्षकलाई तहगत रुपमा बढुवा गर्ने
- द्वन्दपिडित शिक्षक तथा वीचमा पेशा टुटेको अवधिलाई निरन्तर गर्ने
- सबै शिक्षक र प्र अ को अलग्गै दरबन्दी सिर्जना गरी शिक्षक सेवा आयोगबाट शिक्षकको परीक्षा लिने व्यवस्था गर्ने
- शिक्षक काउन्सिलको व्यवस्था गर्ने

**योजना आयोगको सदस्य तथा सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघको तर्फबाट**

- विद्यालय सार्वजनिक नभई सामुदायिक विद्यालयको रुपमा राखिनु पर्ने
- अभिभावकलाई योगदान गर्ने स्पेश दिने र गुणस्तरीय शिक्षाको व्यवस्था
- शिक्षण माध्यमः माथिबाट नतोक्ने । विद्यालयतहबाट तोक्ने अधिकार
- प्रअको छनौटको अधिकारः आयोगबाट परीक्षा लिएपनि रोज्ने अधिकार व्यवस्थापन समितिलाई
- अभिभावकको कुरा सुन्ने संयन्त्रको रुपमा विद्यालय व्यवस्थापन समिति महासंघ व्यवस्था
- गुणस्तरः जिम्मवार बनाउन ।विद्यालयलाई मात्र जिम्मा लगाएर गुणस्तर हुँदैन
- शिक्षक र अधिभावकको साझेदारीमा विद्यालय संचालन हुने व्यवस्था आवश्यक

**श्री श्रीराम दाहाल, प्रधानाध्यापक**

- गुणस्तरीय लगानी विना गुणस्तरीय शिक्षा हुँदैन
- शिक्षकलाई अन्य कुरा नभएतापनि ट्रेड युनियन अधिकार सुनिश्चित हुनपर्ने
- शिक्षकलाई स्थानीय तहमा समायोजन गर्दा एक तह बढुवा दिनुपर्ने
- शिक्षक सेवा आयोगलाई संवैधानिक बनाइनु पर्ने

- शिक्षकलाई प्रोत्साहित गर्न निजामती सेवाभन्दा बढी सेवा सुविधा
- विद्यालय खोल्ने अनुमति निरन्तर हुनपर्ने
- शिक्षकसँग भएको संझौताको कार्यान्वयन हुनपर्ने
- एसीडी शिक्षकको व्यवस्था हुनुपर्ने
- दरबन्दी नभएकोले शिक्षणमा समस्या आउने गरेकोले सबै तहमा सबै विद्यालयमा सबै विषयको शिक्षकको दरबन्दी हुने र निरन्तर शिक्षक हुने प्रावधान समावेश होस्
- लामो समयसम्म बढुवा नभएकोले चरम निराशा छ, यस्तो समस्या नुहने तवरले समाधान होस्

**श्री विनोद सुवेदी, प्याव्सन प्रतिनिधि**

- संस्थागत विद्यालयलाई भौचर प्रणालीमा लैजाने
- निःशुल्क शिक्षाको नाममा बालबालिकालाई शिषा छनौटको अधिकारबाट बञ्चित गरिनुपर्ने
- संस्थागत विद्यालयमा पढ्ने वालबालिकाको बारेमा विधेयकले केही न केही बोल्नुपर्ने
- दफा ४ मा भएको व्यस्था कम्पनीबाट गुठीमा जाने भनिएको छ तर संविधान वमोजिम पेशागत अधिकार त सुरक्षित हुनुपर्ने होला
- शिक्षण सिकाईको भाषा विद्यार्थीले छनौट गर्ने अधिकार दिनुपर्ने
- संस्थागत विद्यालयमा सरकारी छात्रवृत्ति नपाउने अवस्थालाई सुधार गर्ने
- संस्थागत विद्यालयको निमयन आवश्यक
- संस्थागत विद्यालयलाई भौचर प्रणालीमा लैजाने
- निःशुल्क शिक्षाको नाममा बालबालिकालाई शिषा छनौटको अधिकारबाट बञ्चित गरिनुपर्ने
- संस्थागत विद्यालयमा पढ्ने वालबालिकाको बारेमा विधेयकले केही न केही बोल्नुपर्ने
- दफा ४ कम्पनी बाट गुठीः तर संविधान वमोजिम पेशागत अधिकार
- भाषा विद्यार्थीले छनौट गर्ने अधिकार
- छात्रवृत्तिः संस्थागत विद्यालयमा पढ्नेले नपाउने अस्थालाई सुधार गर्ने
- संस्थागत विद्यालयको निमयन
- विद्यालय शिक्षा सम्बन्धी थप सुझाव

| क्र.सं. | विधेयकले गरेको प्रस्तावित व्यवस्था | विधेयकमा संशोधन गरिनुपर्ने सुझावहरु | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | दफा ४(३) यो ऐन प्रारम्भ हुदाका बखत प्रचलित कम्पनी कानुन बमोजिम स्थापना भई संचालनमा रहेका संस्थागत विद्यालय यो ऐन प्रारम्भ भए पछि शैक्षिक गुठीको रूपमा रुपान्तरण गरी संचालन गर्न सकिनेछ । | दफा ४ (३) यो ऐन प्रारम्भ हुदाका बखत प्रचलित कम्पनी कानुन बमोजिम स्थापना भई संचालनमा रहेका संस्थागत विद्यालय कम्पनी ऐन बमोजिम नै संचालन गर्न वाधा पर्ने छैन । | संविधानको धारा १७२९) उद्योग, पेसा व्यवसाय गर्ने स्वतन्त्रता र धारा २५ को सम्पतिको हक अनुरूप शिक्षामा निजी क्षेत्रको व्यवसाय र लगानी सुरक्षित गर्न । |
| २ | दफा (८)(क) मूल विषय मध्ये गणित, विज्ञान र कम्प्युटर विषय अंग्रेजी भाषामा अध्यापन गराउनु पर्ने । | दफा ८ (क) मूल विषय मध्ये गणित, विज्ञान र कम्प्युटर विषय अंग्रेजी वा नेपाली भाषामा अध्यापन गराउनु पर्ने । | भाषाको कारण सरकारी विद्यालयमा विद्यार्थीले पढाइ छाड्ने सम्भावना रोक्न र भाषा छनौट गर्ने अधिकार विद्यार्थीलाई दिन उपयुक्त हुने। |
| ३ | दफा (ग) नेपाली मौलिक कला, संस्कृति, सभ्यता, सामाजिक रहनसहन समेटिएका सामाजिक अध्ययनका विषयहरु नेपाली वा मातृभाषाको माध्यमबाट अध्ययन गराउने । | दफा ८ (ग) नेपाली मौलिक कला, संस्कृति, सभ्यता, सामाजिक रहनसहन समेटिएका सामाजिक अध्ययनका विषयहरु नेपाली, अंग्रेजी वा मातृभाषाको माध्यमबाट अध्ययन गराउने व्यवस्था गरिनु पर्ने । | भाषा छनौट गर्ने अधिकार विद्यार्थीलाई दिन उपयुक्त हुने। |

| | | | |
|---|---|---|---|
| ४ | दफा १४ विद्यालयको सम्पति | दफा १४(८) थप : कम्पनी अन्तर्गत संचालित विद्यालयहरूको सम्पत्ती कम्पनीमा रहने र निजी गुठी अन्तर्गत संचालित विद्यालयको सम्पति सोही गुठीमा रहने व्यवस्था हुनु पर्ने । | संविधानको धारा २५ ले प्रत्याभुत गरेको सम्पतिको हकको शिक्षामा निजी क्षेत्रले गरेको लगानीको सुनिश्चितता प्रदान गर्न । |
| ५ | दफा १८ लिखत रजिष्ट्रेसन गर्दा छुट हुने : (१) सार्वजनिक विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने छैन । | दफा १८ लिखत रजिष्ट्रेसन गर्दा छुट हुने (१) सार्वजनिक विद्यालय र सार्वजनिक शैक्षिक गुठी र निजी शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने छैन । साथै निजी शैक्षिक गुठीको बचत रकममा आयकर लाग्ने छैन भन्ने व्यवस्था कायम गर्न पर्ने । | निजी शैक्षिक गुठीले समेत मुनाफा वितरण नगर्ने हुँदा दस्तुर छुट दिन र बचत रकम भौतिक पूर्वाधार विकासमा खर्च गर्ने भएको हुँदा आयकर समेत छुट दिन उपयुक्त हुने । |
| ६ | दफा २३ राष्ट्रिय पाठ्यक्रम परिषद उपदफा (२) (ठ) निजी लगानी विद्यालयका संचालक मध्येबाट मन्त्रालयले मनोनित गरेको एकजना। | निजी विद्यालयहरुको राष्ट्रिय छाता सबै क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गर्न सँगठनको अध्यक्षहरु मध्येबाट प्रतिनिधित्व रहने व्यवस्था समावेश गर्नुपर्ने । | सबै क्षेत्रको प्रतिनिधित्व राख्न |

| | | | |
|---|---|---|---|
| ७ | दफा २८ बोर्डको गठन उपदफा (२) (ज) सार्वजनिक तथा निजी लगानीका माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट मन्त्रालयले मनोनित गरेको कम्तिमा एकजना महिला सहित दुईजना । | सार्वजनिक माध्यमिक विद्यालयका सबै क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गर्न प्रधानाध्यापकहरु मध्येबाट एकजना र निजी लगानीका माध्यमिक विद्यालयहरुको राष्ट्रिय छाता सँगठनको अध्यक्षहरु मध्येबाट प्रतिनिधित्व गर्ने व्यवस्था गर्ने। | सबै क्षेत्रको प्रतिनिधित्व राख्न |
| ८ | दफा २७(१) माध्यमिक शिक्षा उतीर्ण परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट र आधारभूत शिक्षा उतीर्ण परीक्षा स्थानीय तहबाट संचालन हुनेछ । | दफा २७(१) माध्यमिक शिक्षा उतीर्ण परीक्षा र कक्षा १० को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट र आधारभूत शिक्षा उतीर्ण परीक्षा स्थानीय तहबाट संचालन हुनेछ । | हाल विद्यमान एसइइ स्तरको परीक्षाको गरीमा विद्यार्थीको पठन संस्कृति र गुणस्तरमा एकरुपता कायम राख्न । |

- **अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको सम्बन्धमा सो ऐन, नियमावलीमा भएको व्यवस्था उपर सुझावः**
    - नेपालमा विद्यालय शिक्षा लिने विद्यार्थीको सङ्ख्या हालको शैक्षिक सत्रमा करिब ७२ लाख रहेको छ, जस मध्ये संस्थागत (निजी) विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या करीब १८ लाख (२५%) रहेकोले संविधानले प्रदान गरेको मौलिक हक अन्तर्गत प्राप्त गर्नु पर्ने भएतापनि निजी स्कुलमा अध्ययन गर्ने विद्यार्थीउपर राज्यले दायित्व बहन नगरेको ऐनमै प्रष्टसँग देखियो । ऐनमा निजी विद्यालयमा पढ्ने विद्यार्थीले कुनैपनि सुविधा पाउने बारे समेटिएको देखिएन। यसर्थ यो अनिवार्य तथा निःशुल्क शिक्षा ऐन लागु गर्न पूर्व यो ऐनलाई संशोधन गरी सबै विद्यालय जाने उमेरका सबै

विद्यार्थीलाई एउटा निश्चित रकम भौचर प्रणाली मार्फत विद्यार्थीलाई नै उपलब्ध गराई राज्यले सबै विद्यार्थी उपर दायित्व लिएको प्रत्याभुत गराउनु पर्नेछ । अन्यथा यो ऐन संविधानसँग बाझिने भएकोले लागु हुन सक्दैन ।

- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ को दफा २७ मा उल्लेख गरिएको व्यवस्था अनुसार ५०० विद्यार्थी रहेका विद्यालयले १० प्रतिशत ८०० विद्यार्थी रहेका विद्यालयले १२ प्रतिशत, ६०० भन्दा माथि जतिसुकै भए १५ प्रतिशत, विद्यार्थीलाई निः शुल्क शिक्षा प्रदान गर्नु पर्नेछ । दफा २७ को उपदफा ४ मा माथि जुनसुकै कुरा लेखिएको भएतापनि यो दफा प्रारम्भ भएका बखत कुनै विद्यालयले उपलब्ध गराउदै आएको छात्रवृति घटाउन पाइने छैन भन्ने व्यवस्था छ । साथै शिक्षा ऐन २०२८ को दफा १६ (अ) को उपदफा १ को व्यवस्था अनुसार संस्थागत विद्यालयमा भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तिमा १०% मा नघट्ने गरी छात्रवृत्ति दिनु पर्नेछ भन्ने व्यवस्था छ । अतः यी दुई ऐन नियमले निजी विद्यालयहरूलाई ठूलो मर्का परेको छ। एउटै शिर्षकमा दोहोरो ऐनबाट छात्रवृत्ति दिन बाध्य बनाउन उपयुक्त नहुने हुँदा यी दुई मध्ये एक मात्र ऐन कार्यान्वयन गर्नु पर्छ

**श्री खुवीराम अधिकारी, प्रदेश शिक्षा विकास निर्देशनालय**

- शिक्षकलाई एकेडेमी लगायतका अतिरिक्त काममा समेत संलग्ग हुन पाउने व्यवस्था गरिनुपर्ने
- जिल्ला शिक्षा कार्यालय नराख्ने
- पाठ्यक्रम संघले देशभर एकै हुने किसिमको बनाईएकरुपता कायम गर्ने
- पाठ्यपुस्तक प्रदेशमा छपाई तथा वितरण हुने
- १२ को संघले र १० को परीक्षा प्रदेशले लिने
- सिटिईभिटी र साधारण शिक्षालाई जोड्ने
- प्रदेशलाई शिक्षाको अधिकार नभएकोले प्रदेशलाई अधिकार प्रदान गर्ने
- ठुला विद्यालय र नमूना विद्यालयको मापदण्ड ल्याउने
- गुणस्तर शिक्षाका लागि मर्यादित शिक्षक बनाउने
- शिक्षकको पेशागत सँगठन मात्र राख्ने

- अनुगमन र निरीक्षणको संयन्त्र प्रभावकारी बनाउने । यसको प्रदेश तहबाट संयन्त्र विकास गर्ने

## विधेयकमा दफामा थप सुझाव

| क्र.सं | भएको | हुनुपर्ने | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|
| १. | दफा ३ को (२) उपदफा (१) बमोजिम स्थानीय तहले विद्यालयको स्थापना र सञ्चालन गर्दा राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालय सञ्चालनको लागि आवश्यक पर्ने स्रोतको सुनिश्चतताको आधारमा गर्नु पर्नेछ। | दफा ३ को (२) उपदफा (१) बमोजिम स्थानीय तहले विद्यालयको स्थापना र सञ्चालन गर्दा राष्ट्रिय मापदण्डको अधीनमा रही प्रदेशले तयार गरेको निति तथा मापदण्ड समेतका आधारमा विद्यालय सञ्चालनको लागि आवश्यक पर्ने स्रोतको सुनिश्चतताको आधारमा गर्नु पर्नेछ । | आफ्नो प्रदेश भित्र स्थापना र सञ्चालन हुने । विद्यालयको बारेमा प्रदेश सरकारको कुनै न कुनै रुपमा जोडिनु पर्दछ सहीय शासकीय व्यवस्था भएका देशहरुको अभ्यास समेत भएकोले । |
| २. | दफा ५ को (१) यो ऐन र राष्ट्रिय । मापदण्डको अधिनमा रही स्थानीय तहले स्थानीय कानुन बमोजिम विद्यालयको स्थापना तथा सञ्चालन वा कक्षा वा तह थपको अनुमति दिन सक्नेछ । | दफा ५ को (१) यो ऐन, राष्ट्रिय र प्रादेशिक मापदण्डको अधिनमा रही स्थानीय तहले स्थानीय कानुन बमोजिम विद्यालयको स्थापना तथा सञ्चालन वा कक्षा वा तह थपको अनुमति दिन सक्नेछ। | आफ्नो प्रदेश भित्र स्थापना र सञ्चालन हुने विद्यालयको बारेमा प्रदेश सरकारको कुनै न कुनै रुपमा जोडिनु पर्दछ । सङ्घीय शासकीय व्यवस्था भएका देशहरुको अभ्यास समेत भएकोले । |
| ३. | दफा ८ को उपदफा २ (१) को क मा मूल विषय मध्ये गणित, विज्ञान र कम्प्युटर अङ्ग्रेजी भाषामा अध्यापन गाराउनु पर्ने | दफा ८ को उपदफा २ (१) को क मा मूल विषयमध्ये गणित, विज्ञान र कम्प्युटर नेपाली वा अङ्ग्रेजी भाषामा अध्यापन गारउनु पर्ने हुने । | गाउँका विद्यालयमा अङ्ग्रेजी माध्यम गर्दा उपलब्धी कमजोर हुने । |
| ४. | दफा १२ को (३) उपदफा (१) वमोजिम भए गरेको काम कारवाहीको जानकारी स्थानीय तहले राष्ट्रिय किताबखाना (शिक्षक) र शिक्षा विभागलाई दिन पर्नेछ । | दफा १२ को (३) उपदफा (१) वमोजिम भए प्रदेश भित्र सञ्चालन भएका विद्यालयहरुको गरेको काम कारवाहीको जानकारी स्थानीय तहले प्रदेश सरकारलाई | शिक्षा सम्बन्धी तहले राष्ट्रिय किताबखाना (शिक्षक) शिक्षा नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न विभाग र सम्वन्धित प्रदेशको शिक्षा विकास आवश्यक पर्ने भएकोले । |
| ५ | दफा २० को उप दफा (१) स्थानीय तहले राष्ट्रिय मापदण्डको अधिनमा रही | दफा २० को उप दफा (१) स्थानीय तहले आफ्नो प्रदेश भित्र स्थापना र सञ्चालन हुने | |

| | | | |
|---|---|---|---|
| | विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमती दिन सक्नेछ । | राष्ट्रिय र प्रादेशिक मापदण्डको अधिनमा रही विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमती दिन सक्नेछ । | |
| ६ | दफा २२<br>शिक्षा कार्यालय | हटाउने | आवश्यक नभएको |
| ७ | दफा २३ को (२) राष्ट्रिय पाठ्यक्रम परिषद्को गठन देहाय बमोजिम हुनेछ । | राष्ट्रिय पाठ्यक्रम परिषद्को गठनः परिषदको सङ्घीय सरकार र प्रदेश सरकारविच सदस्यमा मन्त्रालयले मनोनयन गरेको सरकार अन्तर्गत रहेको प्रमुख, शिक्षा विकास निर्देशनालय | प्रदेश समन्वय र सहकार्य आवश्यक भएकोले |
| ८ | दफा २७ को (१) माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट र आधारभूत शिक्षा उत्तिर्ण परीक्षा स्थानीय तहबाट सञ्चालन हुनेछ । | दफा २७ को (१) माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट, माध्यमिक शिक्षा परिक्षा प्रदेश सरकारबाट र आधारभूत शिक्षा उत्तिर्ण परीक्षा र कक्षा ५ को परीक्षा स्थानीय तहबाट सञ्चालन हुनेछ। | |
| ९ | दफा २८ बोर्डको गठन | उप दफा २ को (१) बमोजिमको बोर्डको सम्वन्धी व्यवस्थामा प्रदेश सरकारको प्रतिनिधित्व व्यवस्था गर्ने | सङ्घीय सरकार र प्रदेश सरकारबिच समन्वय र सहकार्य आवश्यक भएकोले |
| १० | १० दफा १४० को (२)<br>(क) देखि (छ) समावेश | दफा १४० को (२) मा (ज) थप गरी राष्ट्रिय मापदण्ड बमोजिम विद्यालय तहको मा ऐच्छिक विषयको पाठ्क्रम सम्बन्धी मापदण्ड निर्धारण रहेकोले ऐच्छिक विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्ने र सन्दर्भ सामग्रीहरुको स्वीकृती तथा नियमन । | दफा १४० उपदफा २ को (१) को (ख) राष्ट्रिय शिक्षा नीतिमा समेत यो जिम्मवारी प्रदेश सरकारको जिम्मेवारीमा रहेको प्रदेश सरकारलाई आफ्नो प्रदेशको आवश्कयता अनुसार ऐच्छीक विषय सञ्चालन गर्न आवश्यक भएकोले । |

| | | | |
|---|---|---|---|
| | | दफा १४० को (२) मा (झ) थप गरी गुणस्तरीय शिक्षाको अभिवृद्धिसँग कार्यक्रम सञ्चालन गर्ने<br>दफा १४० को (२) मा (ञ) थप गरी शैक्षिक तथ्याङ्क व्यवस्थापन र अनुसन्धान थप गर्ने | |
| ११ | दफा १५२<br>विद्यालय तथा शिक्षकको अभिलेखको विद्यालय तथा शिक्षकको अभिलेखको व्यवस्थापनः<br>व्यवस्थापनः<br>(२) उपदफा (१) को प्रयोजनको लागि विद्यालय स्थापना तथा सञ्चालनको अनुमती दिने निकायले विद्यालय, त्यस्तो विद्यालयमा कार्यरत शिक्षक तथा तोकिए वमोजिमको अन्य विवरण राष्ट्रिय कितावखाना (शिक्षक) मा, शिक्षा विभागलाई उपलब्ध गराउनु पर्नेछ । | (२) उपदफा (१) को प्रयोजनको लागि विद्यालय स्थापना तथा सञ्चालनको अनुमती दिने निकायले कार्यरत शिक्षक विद्यालय, त्यस्तो विद्यालयमा<br>तथा तोकिए बमोजिमको अन्य विवरण राष्ट्रिय कितावखाना (शिक्षक) मा सम्बन्धित प्रदेश सरकारको शिक्षा विकास निर्देशनालय र शिक्षा विभागलाई उपलब्ध गराउनु पर्नेछ । | प्रदेश भित्र सञ्चालन भएको विद्यालय तथा शिक्षकको अभिलेख प्रदेशको नीति तथा योजना विकास गर्न प्रदेश सरकारलाई आवश्यक भएकोले । |

**श्री सुनिल बमजम, जिल्ला समन्वय समिति महासंघ, मकवानपुर जिल्ला समन्वय समिति**

- निःशुल्क भनेपछि निःशुल्क नै गर्ने हो, कुनै पनि शीर्षकमा शुल्क वा कुनै पनि रकम लिन नपाउने
- जिल्ला समन्वय समितिलाई शिक्षामा सहभागी गराउने व्यवस्था
- विद्यालय व्यवस्थापन समितिको पदाधिकारीको समय निर्धारण गर्ने

**श्री कृष्णहरी खड्का, प्रदेश सभा सचिव**

- सामुदायिक विद्यालय भनिनुपर्ने

- संविधान ३१ को भावना र मर्म अनुरुप विधेयक निर्माण हुनुपर्ने
- धारा ५१ वमोजिम शिक्षालाई रोजगारमूलक बनाइनुपर्ने
- गुणस्तरीय शिक्षणमा जोड दिनुपर्ने
- व्यवासयकि शिक्षाको लागि के कस्तो पाठ्यक्रम हुने हो, विधेयकले तोकिदिए राम्रो हुने
- सीपमूलक सकाई हुनुपर्ने
- शिक्षक तालिम नियमित र अनिवार्य गरिनुपर्ने
- प्रयोगात्मक शिक्षालाई प्राथमिकता दिनुपर्ने
- शिक्षामा अरुभन्दा १० प्रतिशत बढी सुविधा दिनुपर्ने
- शिक्षकहरुलाई वीमामा समावेश गरी सावधिक विमाको रकम तोक्ने ।

**श्री सुनिल खनाल, विद्यालय व्यवस्थापन समिति सचिव, हेटौडा प्रदेश**

- दफा २ को (य) मा विद्यालयको परिभाषामा सामुदायिक विद्यालय हुनपर्नेमा सार्वजनिक विद्यालय भनिएको रहेछ । यसो हुनु हुदैन । सामुदायिक नै हुनुपर्ने
- दफा ८ को (२) (क) मा गणित, विज्ञान र कम्प्युटर शिक्षणको माध्यम अंग्रेजी हुने भनिएको रहेछ । यो गलत हुने । नेपालीमा समेत शिक्षण गर्न दिनुपर्ने
- दफा १५ को शुल्क लिन नपाइने भनिएको रहेछ, विद्यालय चल्दैनन् । सरकारले आवश्यक बजेट दिन सक्दैन । तसर्थ यो गलत भएकोले सुधार्ने
- सामुदायिक विद्यालयको प्रधानाध्यापक जिल्लाबाट तोक्ने प्रावधानमा गलत छ । सरकारी कार्यालय जस्तो माथिबाट हाकिम तोक्ने प्रणालीले सामुदायिक विद्यालय चल्दैन । प्रधानाध्यापक अभिभावक र समुदाय प्रति जवाफदेही भएर काम गर्नुपर्छ त्यसैले छनौट प्रकृयामा उसको प्रतिनिधित्व सहभागिता चाहिन्छ ।
- दफा १७ को विद्यालय व्यवस्थापन समिति सम्बन्धि व्यवस्थामा व्यवस्थापन समितिको संरचना र गठन प्रकृया स्पष्ट रूपमा उल्लेख हुनुपर्ने संशोधन राखेको छु। संरचना साविकको व्यवस्था ठिक छ किनभने यसमा बहुसरोकारवालाको प्रतिनिधित्व छ।
- व्यवस्थापन समितिको अवधि ५ वर्ष हुनुपर्छ

- दफा १५३ मा शिक्षक महासंघको प्रावधान त छ। शिक्षकको पेशागत अधिकारको कुरा गर्ने महसंघ मात्रै भयो, बालबालिकाको अधिकारको दावेदार अभिभावकको आधिकारिक प्रतिनिधि विद्यालय व्यवस्थापन समितिको प्रतिनिधित्व भएन । त्यसैले विद्यालय व्यवस्थापन समितिको प्रतिनिधित्वको लागि सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघकको प्रावधान पनि राख्नुपर्छ।

**श्री मिना कुमारी लामा हेटौडा नगरपालिका (नगरपालिका संघ प्रतिनिधि)**

- शिक्षकलाई सरुवाको अधिकार आवश्यक
- शिक्षा स्थानीय तहलाई दिनुपर्ने
- शिक्षालाई रोजगारी र उत्पादन क्षेत्रसँग जोड्ने

**श्री रुद्र शर्मा, सामाजिक विकास मन्त्रालय**

- विद्यालय शिक्षाको मूल्य विधेयकमा राख्ने
- शैक्षिक अनुसन्धानमा जोड दिने

**माननीय सामाजिक विकास मन्त्री हरि प्रभाव खड्गी (श्रेष्ठ)**

- दुरदराजका पालिका जस्को स्रोत सिमित हुन्छ, त्यस्ता पालिकाहरुलाई स्ट्रेन्थेन गर्ने विषय राख्नुपर्ने
- रोजगार सहितको शिक्षा आवश्यक
- मातृभाषामा पढाउन दिने व्यवस्था
- आन्तरिक मूल्याङ्कन प्रणाली सुधार गर्ने

**रेडियो पत्रकार श्री**

- निःशुल्क व्यवहारिक नभएकोले यसमा ध्यान दिने
- किताबमा मात्र केन्द्रित हुने शिक्षा भएकोले व्यवहारिक र प्रयोगात्मक शिक्षामा जोड दिने

**श्री उर्मिला लामा, प्रदेश सभा सदस्य**

- निजीलाई खारेज गरी व्यवस्थापको मोडालिटी खोजी गर्ने
- परीक्षा प्रणाली र शिक्षा प्रणालीमा सुधार गर्ने

- श्रम र रोजगारसँग शिक्षालाई आवद्द गर्ने
- नैतिक शिक्षालाई अनिवार्य गर्ने
- शिक्षा सम्बन्धी प्रदेशलाई अधिकार दिने ।

**श्री सानोभाई कार्की, शिक्षक**

- शिक्षण पेशालाई मर्यादित र सम्मानित बनाउने प्रबन्ध राख्ने
- सचेत नागरिक उत्पादन गर्ने विधि राख्ने
- उत्पादनमुखी शिक्षामा जोड दिने
- समृद्दिको लागि शिक्षा आवश्यक हुनाले समृद्दि हासिल गर्ने प्रबन्ध राख्ने
- सिटिभिटी र साधारणतर्फको एकै प्रकृतिको शिक्षा भएकोले फरक गर्ने
- निःशुल्कको आधार पहिचान गर्ने, निःश्लक हुँदा विद्यालय संचलान गर्न आवश्यक स्रोत सुनिश्चति गर्ने

**श्री शंकर अधिकारी, शिक्षक**

- ७ सम्म आधारभूत तह बनाउने
- दफा १७ मा संयोजक र अध्यक्ष एकै भएकोले सुधार गर्ने
- पालिकाभित्रबाट भनेको छ त्यसलाई सेवाभित्रबाट मिलाउने
- शिक्षकको तहको व्यवस्था गर्ने
- न्यूनतम अंक ल्याए स्थयी हुने व्यवस्था गरी अस्थायी शिक्षकको समस्या समाधान गर्ने
- ४८ दफामा रहेको नियुक्ति अन्तर्गत जिल्ला तहबाट हुने गरी पदस्थापना पालिकाले गर्ने व्यवस्था गर्ने
- ४० वर्षसम्म सेवा प्रवेश गर्न पाउने व्यवस्था गर्ने
- कुनै कारणले विना जानकारी अनुपस्थित भएमा कारवाही ठिक छ तर कावु वाहिरको परिष्थती परेका कारवाही नहुने व्यवस्था गरिनुपर्ने
- विशिष्ट श्रेणीको व्यवस्था गर्ने र सो पदमा बढुमा वा नियुक्ति भएमा ५ वर्षपछि रिटायर हुने व्यवस्था गर्ने
- दलगत सँगठनका कार्यकारी सिमितिमा नरहने व्यवस्था गर्ने तर आस्थाबाटै बञ्चित नगर्ने
- अन्यत्र नोकरीः विशेषज्ञता प्रदान गर्ने विषयमा नरोक्ने

- ७९ वहुविवाह गर्न नपाउने व्यवस्था अरु कानूनमा भएकोले यसमा राखिराख्न आवश्यक नभएको
- जस्ले नियुक्ति दियो उसैले वर्खास्त गर्ने अधिकार हुनुपर्ने
- अध्यापन अनुमति पत्र भएको शिक्षक नपाइने अवस्थामा बाटो खोल्ने व्यवस्था
- शिक्षकबाट शिक्षा प्रशासनमा जाने बाटो खोल्ने ।

**श्री सुनिल बम्जन, जिल्ला समन्वय समिति**

- सामुदायिक विद्यालयको गुणस्तर कायम भएमा निजी विद्यालय स्वतः हट्ने हुँदा धेरै समस्या नरहेको
- दोहोर अर्थ लाग्ने कानुन नबनाउने
- जि.स.स. शिक्षा समिति कायम गर्ने ।

**श्री बद्री गैह्रे सामाजिक विकास सचिव**

- कमाउदै सिक्दैको वातावरण
- दैनिक मूल्याङ्कन प्रणाली

**माननीय पुरुषोत्तम पौडेल**

- समाजवादउन्मुख शिक्षा कसरी व्यवस्थापन गर्ने भन्ने प्रष्ट व्यवस्था
- विद्यालय शिक्षा ऐनको उद्देश्य किटान गरिनुपर्ने
- साधारण शिक्षाबाट निजीले दिइरहेका भए विशिष्टिकृतमा रुपान्तरित हुन समय दिने
- भौतिक पूर्वाधार र जनशक्ति नभएकोले गुणस्तरमा समस्या भएकोले सुधार्ने
- नमूना विद्यालयको मापदण्ड तोक्ने
- स्थानको आवश्यकताका आधारमा तथा शिक्षा वा विद्यार्थीको आवश्यकताका आधारमा शिक्षा भन्ने विषय राख्ने

**श्री नवराज अधिकारी, पूर्व शिक्षक धादिङ्ग, जिल्ला समन्वय समिति प्रमुख**

- एउटा वडामा एउटा एकीकृत आवासीय विद्यालय
- शिक्षा कार्यलयको अनुगमन गर्ने निकायको योग्यता कस्तो हुने जवकि शिक्षकको योग्यता स्नातकोत्तर तोकिएको छ । सन्तुलनको व्यवस्था मिलाउने
- अनुशासन र नैतिक शिक्षा आवश्यक

- कक्षा ६ देखि व्यवसियक शिक्षामा जोड दिने ।

**माननीय सदस्य पुष्पा भुसाल, प्रदेश सभा**

- आवास सहितको शिक्षाको व्यवस्था गर्ने
- दक्ष शिक्षकको लागि तालिमको व्यवस्था गर्ने
- विद्यार्थी असफल भएमाः शिक्षकको मात्र भुमिका नहुने सबैको कमजोरी केलाउने संयन्त्र र व्यवस्था राख्ने
- निजी विद्यालय खारेज गर्नुअघि सामुदायिक विद्यालयको गुणस्तर पनि कायम गर्ने।

**माननीय सदस्य रमा आले मगर, प्रदेश सभा**

- सिक्दै कमाउदै पढ्दै र कमाउदै पद्दतिमा जानुपर्ने
- नैतिक शिक्षा अनिवार्य
- सबै राष्ट्रसेवकले सरकारी विद्यालयमा बच्चा पढाउनुपर्ने
- दलिय हिसावले शिक्षकलाई टाढा राख्ने
- निजी विद्यालयमा समेत पारिश्रमिक न्यूनतम तोक्ने
- विवरण अध्ययन गरी विद्यार्थी कम भएका र चल्न नसक्ने तथा चलाउन अत्याधिक खर्च लाग्ने विद्यालहरु मर्ज गर्ने
- एकै प्रकारको शिक्षाको अवलम्बन गर्ने
- विद्यार्थीको क्षमताभन्दा ज्यादा भार भएकोले यसमा विचार पुर्याउने ।

**शिक्षक श्री दिपक सिंखडा**

- बालबालिकाको शिक्षाको गुणस्तरमा ध्यान दिने
- शिक्षक अधिकार तीनै तहको साझा अधिकारको रुपमा राख्ने

**माननीय सदस्य गोविन्द लम्साल, मुख्य सचेतक नेपाली काँग्रेस, प्रदेश सभा**

- ३० मिनेटभन्दा बढी समय लागेमा आवासीय विद्यालय बनाउने
- सबै शिक्षक स्नातकोतार हुनुपर्ने
- प्रत्यक शिक्षकले ५ पिरियड हुनपर्ने

- शिक्षक सेवा आयोगबाट शिषकको नियुक्ति
- २० वर्षमा अवकास हुने व्यवस्था
- सेवा सुविधा उच्च हुनुपर्ने
- स्थानीय तहको आवश्यकतानुसार शिक्षा हुनुपर्ने
- विद्यालय मर्ज गरिनुपर्ने ।

**श्री कृष्णबहादुर मानन्धर, विद्यालय कर्मचारी**

- इसीडीमा विद्यार्थी धेरै तर शिक्षक कम भएकोले यसमा एउटा मापदण्ड बनाई मिलाउनुपर्ने
- विद्यालय कर्मचारी लोड धेरै तर सेवा सुविधा कम र अत्यासलाग्दो भएकोले मिलाउने
- विद्यालयमा कर्मचारी संख्या बढाउने ।

**श्री ज्ञानेन्द्र लामिछाने, विद्यालय व्वस्थापन समिति**

- विद्यालय शिक्षा सशुल्क हुनुपर्छ
- विद्यालय शिक्षाको गुणस्तर बढाउने
- गाउँको स्कुलको सुधार गर्ने
- समुदायको स्वामित्व हुने गरी विद्यालय बनाउने, सार्वजनिक विद्यालय नभन्ने
- समुदायले लागत लगाई राम्रो बनाउने
- math को भाषा नतोक्ने
- भाषा स्थानीयले छनौट गर्ने
- विद्यालय प्रधानाध्यापक रोज्न व्यवस्थापन समिति वा समुदायलाई दिने
- यवस्थापन समितिको संरचना बारे उल्लेख गर्ने
- अभिभावकको कुरा सुन्ने महासंघ गठन गर्ने
- शिक्षाको गुणस्तरको जिम्मेवार लिनेहरुको पहिचान गरी तोकिनुपर्ने
- शिक्षक र अभिभावकको साझेदारीमा शिक्षा गुणस्तर गर्ने संयन्त्र बनाउने

**माननीय सदस्य कुमारी मोक्तान, प्रदेश सभा सदस्य**

- विद्यालय छ तर शिक्षक छैनन् । यस्तो अवस्थाको पहिचान गरी प्रबन्ध गर्ने
- गुणस्तरमा ध्यान दिने

**माननीय सदस्य रत्न प्रकाश ढकाल, प्रमुख सचेतक, नेकपा माके, प्रदेश सभा**

- प्रदेशको पनि अपनत्व हुने प्रावधा राख्ने
- शिक्षा कार्यालय संघको आवश्यक छैन प्रदेशलाई दिनुपर्छ
- समाजवादोन्मुख देशमा मौलिक हक कार्यान्वयन नहुँदा मुद्दा लाग्छ तसर्थ निःशुल्क शिक्षालाई लागू गर्ने

**माननीय सदस्य एकलाल श्रेष्ठ, प्रदेश सभा**

- विद्यालयको जिम्मेवारी तल तर अधिकार र स्रोत तल निस्रृत भएन
- शिक्षाको अधिकार प्रदेशमा
- विद्यालय व्यवस्थापन समितिमा राजनीतिकरण बन्द गर्ने
- विद्यालय संचालन र व्यवस्थापनमा कुनै पनि अधिकार नरहेकोले अधिकार दिने
- समुदायको आवश्यकताका आधारमा शिक्षा प्रदान गर्ने
- भाषामा विवाद नगरी स्थानीय तहलाई छनौतटको अधिकार दिने ।

**श्री राम सागर गुरागाई, प्रधानाध्यापक, आधुनिक माध्यामिक विद्यालय, हेटौडा**

- उच्च शिक्षाः संघीय संरचना भित्र, माध्यमिक शिक्षा : (९-१२) प्रदेश तहभित्र र आधारभूत शिक्षाः (७-८) स्थानीय तहभित्र हुनुपर्ने
- कुनै पनि विश्वविद्यालयमा प्रथम, द्वितिय तृतीय स्थान हाँसिल गरेकालाई प्रोत्साहन स्वरूप मासिक रु५०००० दिएर सिधै नियुक्ती गर्ने प्रावधान हुनुपर्छ ।
- पेशागत सँगठन पूर्ण रूपमा खारेज गरी ट्रेड यूनियन अधिकार प्रदत्त शिक्षक यूनियन मात्र हुनुपर्छ । यूनियनको संरचना : संघीय, प्रदेश र स्थानीय हुनुपर्छ

## विद्यालयतर्फ

- तलव-भत्ता बाहेक, विद्यार्थी संख्याको आधारमा भौतिक निर्माण, मर्मत सम्भार नेट, पानी, वत्ती, सिकाइ सामग्रिका लागि नियमित अनुदानको सुनिश्चीतता हुनुपर्छ।
- शिक्षण आकर्षणका लागि र प्रवेश भई सकेका शिक्षकका लागि मनोवल वृद्धिका लागि सबै श्रेणीको द्वितिय, प्रथम तह बढ्वामा १:१५ को अनुपात कायम गर्नुपर्छ (निजामतिमा १:५६)
- प्रधानाध्यापकले राजनैतिक दल, संघ, सँगठन, पेशागत सदस्यताबाट पूर्णरूपमा बन्देज गर्नुपर्छ, शिक्षक युनियनको मात्र सदस्य बन्नुपर्छ।
- प्रधानाध्यापकलाई विद्यालय विकास योजना सहित ५ वर्ष अधिकार सहितको प्र.अ. नियुक्ति, प्र.अ. भत्ता तलबको कम्तीमा १५% भत्ता हुनुपर्छ।
- विद्यालय कर्मचारी र कार्यालय सहयोगि विद्यालयको तह र विद्यार्थी संख्याको आधारमा कायम हुनुपर्छ ।
- नेतृत्त्व विकास र थप आकर्षणका लागि स्नातकोत्तर उत्तीर्ण (कम्तीमा द्वितिय श्रेणी) प्र.अ. मा कम्तीमा ५ वर्ष सेवा पुरा गरेको, द्वितिय श्रेणी भएका मध्ये ७७ जिल्लाका समन्वय इकाई प्रमुख ५०:५० गरेर खुला प्रतिस्पर्धाबाट पूर्ति गर्नुपर्छ।

## पाठ्यक्रमतर्फ

- (१-१२) सम्म ५ विषय core पाठ्यक्रममा आधारित गरी संघीय धारमा राष्ट्रब्यापी हुनुपर्छ तर दुई (२) विषय स्थानीय परिवेशको प्रादेशिक curriculum मा आधारित गरी ऐच्छिक प्रथम र द्वितिय पत्रमा राखिनुपर्छ।

## शिक्षक मूल्याङ्कन र अवसर

- विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित Index Base मा हुनुपर्छ, साथै स्वदेशी तथा विदेशी भ्रमण सहितको Transfermetic गरिनुपर्छ । उच्च शिक्षा अध्ययन M.Phil and P.HD. Research मा अनिवार्य समावेश हुने व्यवस्था हुनुपर्छ ।

**श्री दिपक अधिकारी, शिक्षक**

- अनिवाय निशुल्क शिक्षाको कार्यान्वयन गर्ने
- Time bound promotion हुनुपर्ने
- पेशाको पैरबी गर्ने एउटा मात्र शिक्षक सँगठन राख्ने
- एउटै बिद्यालयमा शिक्षक तथा कर्मचारी लामो समय रहंदा हुने डेलिभरीको प्रभावकारिता, जिम्मेवारीको पूर्णता, दायित्वको हल तथा विद्यालयमा गर्ने अस्वस्थ ग्रुपिज्म आदिलाई ब्यबस्थित गर्न र नयाँ आउने शिक्षकको भूमिकालाई अझ सहज वातावरण रहन र गुणस्तर बृद्दिको लागि शिक्षक सरुवाको सन्दर्भ निश्चित अवधिमा छिमेकी पालिकामा अनिवार्य गराउने
- हरेक जिल्लाको बिद्यालयलाई भौगोलिक आधारमा विभाजन र विकट क्षेत्रमा कार्य गरेको आधारमा शिक्षक बढुवामा निजामतीको जस्तै अंक आउने ब्यबस्था गर्ने
- राहत शिक्षकको अनुदान दरबन्दीलाई अनिवार्य रुपमा शुद्द दरबन्दीमा रुपान्तरण र राहत तथा उच्च मा. बि. दरबन्दी मा कार्यरत शिक्षकलाई golden handshake सहित एक पटक सकभर शतप्रतिशत नभए पनि कम्तिमा ७५% आन्तरिक प्रस्पर्धा गराएर स्थायी हुने गर्ने ब्यबस्था होस।
- बिद्यालयको बिधुत खानेपानीको महशुल सबै सरकारले तिरिदिने ब्यबस्था गर्ने
- बिद्यालयको प्रधानाध्यापकको व्यवस्था शिक्षक सेवा आयोगले नै प्रतिस्पर्धाबाट हुने व
- अवकास लिने प्रयोजन र उमेरका आधारमा हुने अनिवार्य अवकासको सन्दर्भमा शिक्षकको अस्थायी प्रकृतिका (अस्थायी प्रकृति भन्नाले राहत अनुदान लगाएत नेपाल सरकार वा प्रदेश वा स्थानिय तहले सृजना गरेका दरबन्दी) सेवा अबधी जोड्ने
- राज्य कोषबाट तलब भत्ता र सेवा सुबिधा लिने सबैले आफ्ना छोरा छोरी अनिवार्य रुपमा सामुदायिक बिद्यालयमा भर्ना गर्ने
- शिक्षकको मर्यादा अन्य पेशा भन्दा उच्च बनाउने
- कुनै तहमा कार्यरत राहत शिक्षक सोही तहमा स्थायी हुँदा बढुवा प्रयोजनमा अस्थायी शिक्षक सो सरह प्रतिवर्ष सेवा गरे बापत समान ढंगले अंक पाउने गर्ने

- शिक्षकको परिवारको स्वास्थ्य उपचारको लागि निजामती वा प्रहरी वा सेनाको लागि ब्यबस्था भए जस्तै अस्पतालको ब्यबस्था होस
- परीक्षा प्रणालीमा खोजमा आधारित ढंगले जाने गरि ब्यबस्था गर्ने
- बिद्यालयमा कुनै आधारमा पनि चाहे ब्यबस्थापन समिति वा अन्य हिसाबले राजनैतिक हस्तक्षेप नगर्ने।
- बिद्यालयमा अन्य निकायमा भन्दा बढी कामको चाप र अतिरिक्त समय पनि समय दिनु पर्ने हुंदा अतिरिक्त सुबिधाको ब्यबस्था होस।
- शिक्षकको नियुक्ती एकद्वार होस।हालको शिक्षक नियुक्ती (राहत, अस्थायी, अनुदान आदि) अपारदर्शी छ । शिक्षाको गुणस्तर बृद्दीको लागि यो अनिवार्य आवस्यक छ
- शिक्षक सेवा आयोगले बर्षमा दुई पटक शिक्षक र कर्मचारीको लागि परीक्षा लिने वातावरण होस।
- शिक्षक र कर्मचारीको लागि बिद्यालयको कामको सिलसिलामा र क्षमता बिकासको लागि लिइने तालिममा जाँदा निजामतीमा जस्तै टिएडिए पाउने ब्यबस्था हुनुपर्ने
- स्थायी भएको शिक्षक वा कर्मचारी सेवा अबधीमा दुर्घटना भएर ज्यानै गुमाएमा परिवारको भरणपोषणको लागि पेनसन पाउने ब्यबस्था होस
- इशिडी शिक्षकको पनि प्रत्येक बिद्यालयमा दरबन्दीको ब्यबस्था गरी अस्थायी राहत वा सो सरह प्रकृयामा स्थायी हुने र नभएमा golden हेन्चेक दिलाउने
- विद्यालयमा शिक्षक दरबन्दी सबै तहमा विषयगत होस र दरबन्दी सिर्जना गर्दा विद्यार्थी अनुपात निम्न अनुसार परिमार्जन होसः
    - प्रारम्भिक बाल बिकासः १:२०
    - (कक्षा १-३): १:२५
    - कक्षा (४-५): १:३०
    - कक्षा (६-१०): १:३५
    - कक्षा (११-१२): १:४०
- शिक्षक कर्मचारीले लगाउने पोशाक नेपालमा नै बनेको होस।

- शिक्षक कर्मचारीले आफुले पाउने तलब मासिक रुपमा पाउने ब्यबस्था होस ।
- संस्थागत बिद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई सामुदायिक बिद्यालयको सरह सेवा सुबिधाको सुनिश्चितता होस ।
- परीक्षालाई जीवनसँग र घर घरायसी कामसँग जोड्न बिद्यार्थीलाई उमेर र शारिरीक क्षमता अनुसार श्रम गर्नु पर्ने अनिवार्य गराइयोस ।
- शिक्षक कर्मचारीको कार्य सम्पादनका आधारमा थप ग्रेड पाउने ब्यबस्था होस ।
- हाल स्थानीय तहलाई भनेर बिद्यालय शिक्षा दिइएको छ। यसले गर्दा चरम राजनिती भएको छ। बिना स्रोत साधन स्थानिय तहले यो धान्न सक्दैन।न दक्ष जनशक्ति नै छ। यसर्थ तत्काल संविधान संशोधन गरेर यसलाई तत्काल हटाएर केही अनुगमन र नियमन गर्ने तर स्रोत सहितको अधिकार होस्।
- बढ्दो सहरिकरणले गाउँ गाउँ खाली हुँदै छन्। विद्यार्थी संख्या घट्दो छ। ती भेगका बिद्यालयहरु एकीकृत गर्दै बिग बिद्यालय बनाएर सबैले शिक्षा पाउने अधिकार सुनिश्चित गर्न छात्रबासको व्यवस्था होस।

**श्री बिनोद सुवेदी, प्रधानाध्यापक बाल जागृती इङसिल स्कुल**

- आमाबुवाले राज्यलाई tax तिर्ने तर वालबालिकाहरुलाई संस्थागत विद्यालयमा अध्ययनरत्र विधार्थीहरु राज्यको सुविधाबाट बन्चित किन ? यो न्यायपूर्ण छ ?
- शिक्षा - ज्ञान - - सिप - - इलम - - उद्यम - व्यवसाय पाठ्यक्रममा जोडिनु पर्छ ।
- Job seeker भन्दा Job creator को पाठ्यक्रममा व्यवस्था गर्न शिक्षा प्रणाली हुनुपर्ने ।
- संस्कार र गुणस्तरीय शिक्षा आर्जनको लागि अभिभावकीय शिक्षाको व्यवस्था गर्ने ।

**अभिभावक संघको तर्फबाट**

- व्यावसायिक विषयहरुको अध्यापनको शुरुवातसँगै त्यतिवेला शिक्षामा आवश्यक पर्ने योग्यता पुगेका शिक्षकहरुको कमीले प्रा.वि. शिक्षकको योग्यता एस.एल.सी., नि.मा.वि. शिक्षकको योग्यता आइ.ए. र माध्यमिक शिक्षकको योग्यता वि.ए.को स्तर निर्धारण गरिएको थियो ।

कार्यरत शिक्षकहरुलाई योग्यता बृद्धिका लागि अवसर प्रदान गरी आवश्यक योग्यता परिपूर्ति गर्नु पर्थ्यो गरिएन तसर्थ यस्तो व्यवस्थामा सुधार गरियोस्

- विद्यालयको स्विकृती दिंदा भौगोलिकता र जनसंख्याको आधारमा पर्ने ।
- दरबन्दी निर्धारण गर्दा विद्यार्थी संख्या, तहगत विषयगतको आधारमा स्विकृत गर्नुपर्ने
- कक्षा नर्सरी देखि कक्षा ३ सम्मका बालबालिकालाई बाल विकासको नामाकरण गरिएतापनि मनोविज्ञान' दक्ष शिक्षकको व्यवस्था गर्ने
- ३ कक्षासम्मका बालबालिका अनुत्तीर्ण गर्न नहुने भनेतापनि अक्षर चिन्न नसक्नेलाई पनि ४ कक्षामा पुर्याउँदा कसरी स्तरियता हुन सक्छ र विचार पुर्याउनुपर्ने
- मनोविज्ञान (Psychology) अध्ययन नगरेका शिक्षकहरुले शिक्षण पेसामा संलग्न हुँदा बालबालिकाहरुको मनोविज्ञान बुझ्न सक्ने शिक्षकको व्यवस्था गर्ने
- योग्य शिक्षक छनौट गरी स्थायी गर्ने क्रम नभएकोले गोल्डेन हाइण्डसेक दिने
- परीक्षाको नतिजा प्रतिशतबाट GPA मा लगियो, जसले गर्दा विद्यार्थीको क्षमताको सही मापन हुने देखिएन ।
- सरकारी नीति अनुसार निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिको अवधारणाले कक्षा चढाउँदै लैजादा विद्यार्थीहरुले प्राप्त गर्नु पर्ने लक्षित उपलब्धी प्राप्त हुन नसकेकोले पुर्नमूल्याङ्कन
- विद्यार्थीको क्षमता, दक्षता र रुचि अनुसारको पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्ने

**शिक्षक संगठन, बागमती प्रदेश**

**अस्थायी प्रकृतिका शिक्षक सम्बन्धमा**

- राहत, साविक उच्च मावि, शिक्षण सिकाइ अनुदान, प्राविधिक धार तथा विशेष शिक्षाका शिक्षकको कोटालाई स्वीकृत दरबन्दीमा परिणत गरी उमेरको हद नलगाई महासङ्घसँग २०८० सालमा भएको सहमती वमोजिम स्थायी गर्ने र स्थायी हुन नसक्नेको हकमा गोल्डेन हेन्डसेकको व्यवस्था गर्ने ।

- अब आइन्दा फरक खालको सेवा सुविधा हुने शिक्षक कोटाहरू सिर्जना नगर्ने । शिक्षक दरबन्दी पुनर्वितरण तथा मिलान कार्यदलले दिएको सुझाव अनुसार नयाँ शिक्षक दरबन्दी थप गर्ने ।
- अस्थायी प्रकृतिका शिक्षकको विरामी विदा सञ्चित हुने व्यवस्था गर्ने ।

**विद्यालय कर्मचारी सम्बन्धमा**

- तह अनुसार हरेक विद्यालयमा कर्मचारीको दरवन्दी व्यवस्था गर्ने र महासङ्घसँग भएको सहमती अनुसार खरादार / नासु, अधिकृत तोकी शिक्षक सेवा आयोगबाट स्थायी गर्ने ।
- अवकाश भएका कर्मचारीलाई सुविधा दिने ।

**बालकक्षा शिक्षक सम्बन्धमा**

- बाल विकास शिक्षालाई विद्यालय संरचना भित्र ल्याउने । बाल विकास कोटालाई स्वीकृत कोटा प्राथमिक तृतीय सरहमा परिणत गरी महासङ्घसँग भएको सहमती बमोजिम शिक्षक सेवा आयोगबाट स्थायीत्वको प्रक्रियामा जाने ।

**स्थायी शिक्षकको सम्बन्धमा**

- शिक्षक बदुवामा चार श्रेणीः तृतीय द्वितीय प्रथम र विष्टको व्यवस्था गरी गर्ने बढुवाको अनुपात वृद्दि गरी (६०:२० १०:५) गर्ने।
- हरेक दश वर्षमा बहुवा हुने प्रबन्ध गर्ने आवधिक गर्ने
- तहगतः प्राथमिकबाट निमा र निमाबाट माध्यमिक तहमा बढुवा हुने व्यवस्था गर्ने ।
- निवृत्तीभरणको व्यवस्था विद्यालय शिक्षा ऐन जारी हुन अघि स्थायी भएका सबै शिक्षकका लागि पुरानै प्रणाली अनुसार निवृत्तीभरण पाउने ब्यवस्था गर्ने र त्यस पछि स्थायी हुनेको हकमा योगदानमा आधारित पेन्सनको व्यवस्था गर्ने ।
- अस्थायी सेवा अवधिको गणना विश्व विद्यालयमा जस्तै निवृत्ती भरण प्रयोजनका लागि शिक्षकको सबै अस्थायी अवधि गणना गर्ने ।
- द्वन्द पीडित तथा शिक्षकको पेसागत संस्थामा बसेर लामी सेवा गरेका शिक्षकको सेवा टुटेको अवधि गणना गरी नियमानुसार उपदान वा निवृत्तीभरण दिने व्यवस्था गर्ने ।

- संस्थागत विद्यालयका शिक्षकको तलब भत्ता सामुदायिक विद्यालयका शिक्षक सरह कायम गर्ने अनिवार्य व्यवस्था गर्ने ।
- यस्ता शिक्षकको जिल्लास्थित शिक्षा सम्बन्धी कार्यलयमा रेकर्ड राखे र सबै शिक्षकका लागि सामाजिक सुरक्षा कोषको व्यवस्था गर्ने ।
- प्रधानाध्यापकका लागि छुट्टै दरबन्दीको व्यवस्था गर्ने र स्थायी शिक्षकबाट प्रतिस्पर्धा गराई शिक्षक सेवा आयोग मार्फत प्रधानाध्यापकको पदपूर्ति गर्ने
- प्रधानाध्यापकलाई प्रशासनिक तथा प्राज्ञिक नेतृत्व गर्ने बलियो र जिम्मेवार पदाधिकारीको रुपमा विकास गर्ने
- शिक्षकको रजिस्ट्रेसन तालिम तथा पेसागत विकासका क्षेत्रमा काम गर्ने गरी अधिकार सम्पन्न शिक्षण काउन्सिलको व्यवस्था गर्ने
- शिक्षकको विभागीय कार्बाहीको अधिकार जिल्ला, प्रदेश र सङ्घका विभाजन गरी व्यवस्थापन गर्ने
- शिक्षकको कार्य सम्पादन मूल्याङ्कनको अधिकार शिक्षा सम्बन्धी जिल्ला स्थित कार्यालय तथा प्रादेशिक कार्यालयमा व्यवस्थित गर्ने ।
- शिक्षक-कर्मचारीको सरुवा शिक्षकको सरुवाका हकमा पालिका भित्र सरुवाका लागि शर्त तथा मापदण्डहरु निर्माण गर्ने । अन्तर्राजल्ला सरुवाको अधिकार जिल्ला
- पेसा प्रवेश उमेर ४० वर्ष गर्ने
- अभिभावकको नेतृत्वमा अभिभावककै बाहुल्य हुने गरी विव्यस गठन हुने प्रबन्ध गर्ने ।
- जिल्लामा शिक्षाको एकाइ सङ्घ र प्रदेश तहसँग सम्बन्धित रहेर काम गर्ने गरी जिल्ला तहमा शिक्षाको एकाइ राखे ।
- शिक्षा एकाइबाट एसइइ परीक्षाको संयोजन र व्यवस्थापन, शिक्षक सेवा आयोगबाट सञ्चालन हुने परीक्षाको संयोजन तथा व्यवस्थापन, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन, शिक्षक-कर्मचारीको जिल्लान्तर सरुवा, पालिकाहरुबीच शैक्षिक विषयमा समन्वय गर्ने, शिक्षण काउन्सिल मार्फत गरिने कामको संयोजन र व्यवस्थापन, शिक्षक किताबखाना सम्बन्धी कागजातको प्रमाणीकरण जस्ता काम जिम्मा दिने ।

- पद समायोजन सोझै प्राथमिक द्वितीय र नि मा द्वितीयमा नियुक्त भएका र त्यसपछि बढुवा भएका सबै शिक्षकको समान तहमा पद समायोजन गर्ने ।
- विद्यालयको सम्पत्ति गैरशैक्षिक प्रयोजनमा प्रयोग गर्न नपाइने । यस्तो सम्पत्ति हस्तान्तरणको अधिकार सङ्घमा रहने ।
- प्राविधिक ग्रेड शिक्षण पेसा प्राविधिक पेसा भएकोले सबै शिक्षकका लागि थप प्राविधि ग्रेडको व्यवस्था गर्ने ।
- शिक्षकको मर्यादाक्रम शिक्षकका लागि राष्ट्रिय मर्यादाक्रमको व्यवस्था गर्ने ।
- शिक्षक दरबन्दी हरेक विद्यालयमा शिक्षक दरबन्दी व्यवस्था गर्दा आधारभूत (१- ५) मा प्रधानाध्यापक बाहेक कक्षागत, आधारभूत तह (६-८) मा प्रधानाध्यापक बाहेक विषयगत र मावि तहमा प्रधानाध्यापक वाहेक विषयगत शिक्षकको व्यवस्था गर्ने ।
- नेपाल शिक्षक महासङ्घ विद्यालयका शिक्षक-कर्मचारीको पेसागत हक हितको प्राप्ति संरक्षणका लागि नेपाल शिक्षक महासङ्घ रहने ।

## ३.३ राय सुझावको सार

विभिन्न सहभागीले दिएका सुझावहरुलाई सारको रुपमा निम्न उपशिर्षकगत रुपमा प्रस्तुत गरिएको छः

**शिक्षण पेशाको गरिमा र सेवा सुरक्षा**

- शिक्षण पेशालाई मर्यादित बनाउन नीति तथा कानुनी व्यवस्था गर्नुपर्छ।
- सेवा सुविधामा वृद्धि गरी शिक्षण पेशालाई आकर्षक बनाउनु आवश्यक छ।
- अस्थायी शिक्षकलाई सम्झौताअनुसार स्थायी गर्ने वा "गोल्डेन ह्याण्डसेक" को व्यवस्था गर्नुपर्छ।
- अस्थायी शिक्षकको विदा संचित हुने व्यवस्था लागू गर्नुपर्छ।
- शिक्षकहरूको तहगत बढुवा सुनिश्चित गर्दै १० वर्षभित्र बढुवा हुने व्यवस्था गर्नुपर्छ।
- शिक्षकहरूको ग्रेड निर्धारण निजामति कर्मचारी सरह गर्नुपर्छ।

- शिक्षामा विशिष्ट श्रेणीसम्मको व्यवस्था लागू गर्नुपर्छ।
- द्वन्द्वपीडित शिक्षकको पेशा टुटेको अवधिलाई निरन्तरता दिनुपर्छ।
- शिक्षकहरूका लागि "शिक्षक काउन्सिल" स्थापना गर्नुपर्छ।
- शिक्षक सेवा आयोगलाई संवैधानिक निकायको रूपमा स्थापित गर्नुपर्छ। र आयोगबाटै शिक्षकको परीक्षा लिनुपर्छ ।

**विद्यालय व्यवस्थापन र संरचना सुधार**

- सबै विद्यालयमा आवश्यकतानुसार दरबन्दी सिर्जना गर्नुपर्छ।
- बालशिक्षकलाई दरबन्दीमा व्यवस्था अनिवार्य गर्नुपर्छ।
- शिक्षक र प्रधानाध्यापकका लागि अलग्गै दरबन्दी सिर्जना गरी शिक्षक सेवा आयोगमार्फत नियुक्ति गर्नुपर्छ।
- विद्यालय सञ्चालन शिक्षक र अभिभावकको साझेदारीमा हुनुपर्छ।
- विद्यालय व्यवस्थापन समितिलाई प्रधानाध्यापक छनोटमा भूमिका दिनुपर्छ।
- गुणस्तर सुधारका लागि विद्यालय मात्र होइन, शिक्षक र अभिभावकलाई पनि जिम्मेवार बनाउनुपर्छ।
- विद्यार्थी संख्या न्यून भएका विद्यालय गाभ्ने नीतिको स्पष्ट मापदण्ड बनाउनुपर्छ।

**पाठ्यक्रम, परीक्षा प्रणाली, र शिक्षण माध्यम**

- पाठ्यक्रम संघीय स्तरबाट निर्धारण गरी देशभर एकरूपता कायम गर्नुपर्छ।
- पाठ्यपुस्तक प्रदेशस्तरमै छपाई तथा वितरण गर्नुपर्छ।
- कक्षा १२ को परीक्षा संघले र कक्षा १० को परीक्षा प्रदेश सरकारले लिनुपर्छ।
- CTEVT (प्राविधिक शिक्षा) र साधारण शिक्षालाई एकीकृत गर्नुपर्छ।

- शिक्षण भाषा विद्यार्थीले आफैं छनोट गर्न पाउने व्यवस्था गर्नुपर्छ।
- विज्ञान, गणित र कम्प्युटर शिक्षा नेपाली तथा अंग्रेजी दुवै भाषामा उपलब्ध गराइनुपर्छ।
- शिक्षालाई व्यवहारिक, सीपमूलक र उत्पादनमुखी बनाउन पाठ्यक्रम परिमार्जन गर्नुपर्छ।

**शिक्षाको अधिकार र संस्थागत सुधार**

- संविधानमा रहेको विद्यालय शिक्षाको अधिकारलाई स्पष्ट परिभाषित गर्दै स्थानीय सरकारको अधिकारको पुनरावलोकन गर्नुपर्छ।
- विद्यालयलाई सार्वजनिक नभई सामुदायिक विद्यालयको रूपमा राखिनुपर्छ।
- निजी विद्यालयहरूलाई नियमन गर्न स्पष्ट कानुनी मापदण्ड बनाइनुपर्छ।
- संस्थागत विद्यालयहरूलाई भौचर प्रणालीमा समावेश गर्दा राम्रो हुने
- शिक्षण माध्यम माथिबाट नतोक्ने, पालिका तहबाट निर्धारण गर्ने अधिकार दिनुपर्छ।

**५. शिक्षकहरूको हक, अधिकार, र सुविधा**

- शिक्षकहरूलाई ट्रेड युनियन अधिकार सुनिश्चित गर्नुपर्छ।
- शिक्षकहरूलाई अतिरिक्त कार्य (एकेडेमी, अनुसन्धान, परामर्श) गर्न पाउने व्यवस्था हुनुपर्छ।
- स्थानीय तहमा शिक्षक समायोजन गर्दा एक तह बढुवा दिनुपर्छ।
- निजामती सेवाभन्दा शिक्षकहरूलाई थप सेवा सुविधा उपलब्ध गराउनुपर्छ।
- शिक्षकहरूसँग भएका सम्झौताहरूको कार्यान्वयन सुनिश्चित हुनुपर्छ।
- लामो समयसम्म बढुवा नहुँदा शिक्षकहरू निराश भएकाले शीघ्र समाधान आवश्यक।

**६. अनुगमन, नियमन, र शैक्षिक सुधारका उपाय**

- विद्यालय शिक्षा सुधारका लागि ठूला विद्यालय तथा नमूना विद्यालयको मापदण्ड निर्धारण गर्नुपर्छ।

- शिक्षक सेवा आयोगमार्फत विद्यालय व्यवस्थापनलाई थप प्रभावकारी बनाउनुपर्छ।
- विद्यालय शिक्षाका सबै पक्षको अनुगमन तथा निरीक्षणको संयन्त्र प्रभावकारी बनाउनुपर्छ।
- अनुगमन संयन्त्रलाई प्रदेशस्तरबाट नै विकास गर्नुपर्छ।
- शिक्षा अनुसन्धानलाई प्रवर्द्धन गर्ने नीति अख्तियार गरी बजेट विनियोजन आवश्यक छ।

**संवैधानिक र कानुनी आधारमा सुधार**

- शिक्षा ऐन संविधानको धारा ३१ को मर्म अनुरूप हुनुपर्छ।
- धारा ५१ अनुसार शिक्षालाई रोजगारमुखी र व्यावसायिक बनाउने स्पष्ट व्यवस्था गर्नुपर्छ।
- शिक्षा सम्बन्धी अधिकार संघीय, प्रदेश र स्थानीय तहको समन्वयमा व्यवस्थापन गरिनुपर्छ।
- मौलिक हकको कार्यान्वयन सुनिश्चित गर्दै निःशुल्क शिक्षालाई व्यवहारिक बनाउनुपर्छ।

**सुविधा, पूर्वाधार र लगानी**

- शिक्षा क्षेत्रमा सरकारी लगानी बढाएर अरू क्षेत्रभन्दा १०% बढी बजेट विनियोजन गर्नुपर्ने।
- विद्यालयमा भौतिक पूर्वाधार, डिजिटल प्रविधि, र सिकाइ सामग्रीको पहुँच सुनिश्चित गर्नुपर्ने।
- शिक्षामा निजी क्षेत्रको भूमिकालाई व्यवस्थित गर्दै सामुदायिक विद्यालयहरूको स्तरवृद्धि गर्नुपर्ने।

**शिक्षा, रोजगार र उत्पादनको सम्बन्ध**

- शिक्षालाई रोजगारी र उद्यमशीलतासँग जोड्ने नीति आवश्यक।
- "सिक्दै-कमाउँदै" अवधारणालाई विधेयकमा स्थान दिनुपर्छ।
- व्यावसायिक र प्राविधिक शिक्षालाई उच्च प्राथमिकता दिनुपर्छ।

**निजी विद्यालय र समाजवादउन्मुख शिक्षा**

- निजी विद्यालयलाई खारेज गर्नेभन्दा सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्ने प्राथमिकता दिनुपर्छ।

- शिक्षालाई समाजवादउन्मुख बनाउने कानुनी तथा व्यावहारिक ढाँचा तयार गर्नुपर्छ।
- निजी विद्यालयका शिक्षकहरूको न्यूनतम पारिश्रमिक निर्धारण गर्नुपर्छ।

## ३.४ विद्यालयको स्थलगत अवलोकन

प्रत्येक प्रदेशमा प्रदेशस्तरीय कार्यक्रमको सिलसिलामा प्रदेश तहबाट सिफारिस भएको कम्तीमा राम्रो एउटा र सम्भव भएसम्मका अन्य केही विद्यालयको स्थलगत अवलोकन गर्ने नीति अनुरुप समितिको स्थलगत अवलोकन टोलीले वागमती प्रदेशका केही विद्यालयहरुको स्थलगत अवलोकन गरेको थियो । यस क्रममा आधुनिक राष्ट्रिय माध्यामिक विद्यालय, हेटौंडा र नारायणी नमूना माध्यामिक विद्यालय, भरतपुर, चितवनको स्थलगत अवलोकन गरी संक्षिप्त अन्तर्क्रिया गरेको थियो । अन्तर्क्रियामा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक तथा शिक्षक र विद्यार्थीहरुको सहभागिता रहेको थियो । अन्तर्क्रिया तथा छलफलबाट विद्यालयको समग्र विद्यमान अवस्था, विद्यालयले भोग्नु परेका समस्या तथा सामाना गर्नुपरेका चुनौती लगायतका विविध पक्षबारे जानकारी प्राप्त भएको थियो। टोलीले गरेको विद्यालयको स्थलगत अवलोकन सम्बन्धी केही झलकहरु अनुसूची ६ मा समावेश गरिएका छन् ।

# परिच्छेद चार
# निष्कर्ष तथा सुझाव

## ४.१ निष्कर्ष

विद्यालय शिक्षासम्बन्धी प्रस्तावित विधेयकले शिक्षाको समावेशी, पहुँचयोग्य र गुणस्तरीय संरचना निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ। सुझाव र धारणाहरूले विधेयकलाई नीतिगत स्पष्टता, शिक्षण प्रक्रियामा नवीनता, शिक्षक व्यवस्थापनमा सुधार र प्रदेश तथा स्थानीय तहसँगको समन्वयात्मक भूमिका निर्धारण गर्न मद्दत पुर्याउने देखिन्छ। विधेयकले प्राविधिक र सीपमूलक शिक्षा, विद्यालय जोनिङ्ग, र सामुदायिक तथा निजी विद्यालयबीच सहकार्यलाई प्रोत्साहन गर्ने माध्यम प्रस्तुत गरेको छ। तर यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कार्ययोजना, स्रोत व्यवस्थापन, र निरीक्षण प्रणाली थप मजबुत बनाउनुपर्ने आवश्यकता छ। विधेयक माथि पेश भएका सुझावहरुले विद्यालय शिक्षा माथिको दफावार छलफललाई प्रभावकारी बनाउने दिशामा टेवा पुर्याउने देखिन्छ।

नेपालको विद्यालय शिक्षाको सुधारका लागि नीति, योजना, र तिनको प्रभावकारी कार्यान्वयन एकसाथ अघि बढाउन जरुरी छ। अहिलेको चुनौतीलाई अवसरमा बदल्दै गुणस्तरीय र पहुँचयुक्त शिक्षाको लक्ष्य प्राप्त गर्न सरकार, गैरसरकारी संस्था, र आम नागरिकबीचको समन्वय आवश्यक छ। केवल यसबाट मात्र नेपालले शिक्षाको क्षेत्रमा दिगो विकासको यात्रा तय गर्न सक्नेछ। विद्यालय शिक्षामा समान पहुँच, गुणस्तर र प्राविधिक क्षमताको अभिवृद्धि भएमा, नेपाली समाजले सामाजिक र आर्थिक उन्नतिको नयाँ युगमा पाइला राख्न सक्ने देखिन्छ। यस प्रदेशमा गरिएको अन्तर्क्रिया कार्यक्रम र स्थलगत अवलोकनका आधारमा बुँदागत रुपमा निम्नानुसारको निष्कर्ष निकाल्न सकिन्छः

- **शिक्षक व्यवस्थापनमा सुधारको आवश्यकताः** शिक्षकहरूको बढुवा, नियुक्ति, तथा सरुवासम्बन्धी प्रावधानहरूलाई स्पष्ट, पारदर्शी र व्यवस्थित गर्नुपर्छ। अस्थायी शिक्षकहरूलाई उचित व्यवस्थापन गरी गोल्डेन ह्यान्डशेक दिनु व्यवहारिक समाधान हुन सक्छ।
- **विद्यालय व्यवस्थापन र पूर्वाधारः** विद्यालयको भौतिक पूर्वाधार सुदृढ गर्नु, अनावश्यक विद्यालयहरू मर्ज गर्नु, र विद्यालय व्यवस्थापन समितिको भूमिका अभिभावक तथा समुदायको सहयोगमार्फत सशक्त पार्नु आवश्यक छ।
- **शिक्षामा गुणस्तर सुधारः** शिक्षाका विषयवस्तुमा सुधार गर्दै, आधुनिक, व्यवहारिक, र जीवनोपयोगी ज्ञान तथा सीप प्रदान गर्न आवश्यक छ। प्रयोगात्मक शिक्षालाई प्रोत्साहन गर्ने व्यवस्था,

सैद्धान्तिकभन्दा व्यवहारिक शिक्षामा जोड, र अंग्रेजीमा भन्ने प्रावधानलाई सुधार गरी नेपाली वा अग्रेजी दुवै भाषाका अतिरिक्त प्रदेश तथा स्थानीय भाषामा पठनपाठनको व्यवस्था मिलाइनु पर्छ ।

- **शिक्षा प्रणालीको एकरूपताः** समान शिक्षा नीति बनाउनु आवश्यक छ । प्रदेश, स्थानीय तह, र संघीय सरकारबीच स्पष्ट कार्य विभाजन गर्न आवश्यक छ।
- **शिक्षकका सेवा सुविधामा सुधारः** शिक्षकहरूको सेवा सुविधा निजामती सेवासरह बनाउनुपर्ने, अवकाशपछि सामाजिक सुरक्षा सुनिश्चित गर्नुपर्ने र महिला शिक्षकहरूको सुत्केरी विदा तथा विरामी भई लामो विदा लिने शिक्षकलाई ध्यानमा राखेर विकल्पीय शिक्षक व्यवस्था गर्नुपर्छ।
- **समुदायको भूमिकाः** अभिभावक र समुदायको संलग्नता शिक्षा प्रणालीलाई प्रभावकारी बनाउन ध्यान दिनुपर्छ। सामुदायिक विद्यालयको सुधार अभिभावकको सक्रिय भूमिका र सहयोगबाट मात्र सम्भव छ।
- **विद्यालय पाठ्यक्रम सुधारः** पाठ्यक्रमलाई अद्यावधिक, समसामयिक, र प्रविधिमैत्री बनाउनु पर्छ। विद्यार्थीलाई आठ कक्षादेखि नै रुचि र विषय छनौट गर्नसक्ने प्रणालीको विकास गर्नु शिक्षाको गुणस्तर सुधारका लागि राम्रो पहल हुन सक्छ।
- **विद्यालयको वित्तीय पारदर्शिता र व्यावसायिकताः** निजी विद्यालयहरूको व्यवस्थापन र शुल्क संरचना पारदर्शी बनाउँदै, छात्रवृत्ति व्यवस्थापनमा सुधार गर्नुपर्छ। साथै, सरकारी विद्यालयहरूको अनुदान व्यवस्थालाई समग्रमा एकीकृत गरी प्रदेशस्तरीय बनाउनु उचित हुन्छ।
- **सीपमूलक शिक्षा र रोजगारी सिर्जनाः** विद्यार्थीले १२ कक्षासम्मको पढाइ सकेपछि कुनै न कुनै पेशा वा सीप सिक्ने व्यवस्थामा जोड दिनुपर्छ। शिक्षाले रोजगारी सिर्जना गर्ने प्रकृतिको शिक्षाको निति लिनुपर्छ।
- **अनुगमन र जवाफदेहिताः** शिक्षक, प्रधानाध्यापक, र विद्यालय व्यवस्थापन समितिको जवाफदेहिता सुनिश्चित गर्दै अनुगमनलाई प्रभावकारी बनाउने नीति तथा कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ।

## ४.२ सुझाव

नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन विद्यालय शिक्षा विधेयकमा निम्नानुसार ध्यान दिनुपर्ने देखिन्छः

- **नीति तथा व्यवस्थापकीय सुधारः** शिक्षक नियुक्ति, सरुवा, र बढुवामा स्पष्ट मापदण्ड र प्रक्रियाको विकास, गोल्डेन ह्यान्डशेकमार्फत अस्थायी शिक्षकहरूको व्यवस्थापन र पालिका र प्रदेशलाई शिक्षक व्यवस्थापन र अनुगमनको अधिकार दिने

- **शिक्षाका लागि समुदायको भूमिका सुदृढ पार्ने:** अभिभावक र समुदायका प्रतिनिधिहरूलाई विद्यालय व्यवस्थापन समितिमा संलग्न गराउने, सामुदायिक विद्यालयहरूको लागि विशेष योजना बनाउँदै समुदायलाई प्रेरित गर्ने

- **शिक्षाका गुणस्तर सुधारका उपायः** पाठ्यक्रम सुधार, स्थानीय भाषा, तथा प्रविधिमैत्री शिक्षालाई प्राथमिकता, सैद्धान्तिक शिक्षाभन्दा व्यवहारिक र सीपमूलक शिक्षालाई प्रोत्साहन, शिक्षकका लागि तालिमको व्यवस्था गर्ने

- **वित्तीय व्यवस्थापन र स्रोतको वितरणः** विद्यालयलाई दिइने अनुदानको वितरण प्रणालीलाई सरल र पारदर्शी बनाउने, निजी विद्यालयहरूको लागि मापदण्ड र नियमन सशक्त बनाउने।

- **शिक्षामा एकरूपता र सहकार्यः** संघ, प्रदेश, र स्थानीय तहबीचको जिम्मेवारीको स्पष्टता र सहकार्य, विद्यालय शिक्षा सम्बन्धी राष्ट्रिय मापदण्डहरूको रुपमा यस विधेयकलाई विकास गर्ने

- **विद्यालयको संरचना र पूर्वाधार विकासः** सबै विद्यालयमा आधारभूत भौतिक पूर्वाधार सुनिश्चित गर्ने र अनावश्यक विद्यालयहरूको मर्जर र व्यवस्थापन गर्ने

- **विद्यार्थीका लागि विशेष कार्यक्रमहरूः** १२ कक्षासम्म अध्ययन गरेपछि सीपमूलक तालिम वा रोजगार सुनिश्चित गर्ने कार्यक्रम, विद्यार्थीहरूलाई छात्रवृत्ति तथा अतिरिक्त क्रियाकलापहरूमा संलग्न गराउने।

- **अनुगमन र जवाफदेहितामा ध्यानः** विद्यालयहरूको नियमित अनुगमन गर्ने प्रभावकारी संरचनाको निर्माण र शिक्षकहरूको मूल्याङ्कन नतिजाका आधारमा गर्ने प्रणाली लागू गर्ने ।

## अनुसूची १
## कार्यक्रमको मोडालिटी

- सात प्रदेशमा हुने ७ वटा कार्यक्रमको लागि ५ वटा मात्र टोली निर्माण हुने
- कोशी र मधेश प्रदेशका लागि एउटा तथा वागमती र वागमती प्रदेशका लागि एउटा टोली निर्माण हुने
- प्रत्येक सदस्यले आफ्नो दलबाट समितिमा प्रतिनिधित्व गर्नुहुने सदस्यहरुबीच समन्वय गरी सदस्यले रोजेको कुनै एक प्रदेशमा सहभागी हुनु पर्ने
- प्रत्येक टोलीमा ५ जना सदस्यका दरले टोली बनाइने
- एउटा दलबाट एउटा प्रदेशमा एक जना मात्र सहभागी हुने तर नेकपा एमाले र नेपाली काँग्रेसका ७।७ जना सदस्य भएकाले कुनै २ वटा प्रदेशमा २।२ जना सदस्य सहभागी हुने
- आफूले रोजेको प्रदेश बाहेक आफ्नो प्रदेशमा हुने कार्यक्रममा त्यस प्रदेशबाट प्रतिनिधित्व गर्नुहुने सदस्य स्वतः सहभागी हुन पाउने ।

  ✓ तत्काललाई देहाय वमोजिमका ३ वटा प्रदेशस्तरीय कार्यक्रम गर्नेः
    - २०८१ पुस ९ गतेसम्म सुदूर पश्चिम प्रदेशम
    - २०८१ पुस १३ गते कोशी प्रदेश र
    - २०८१ पुस १५ गते मधेश प्रदेश

✓ पहिलो चरणको कार्यक्रमको फिडव्याक समेतका आधारमा त्यसपछि अन्य प्रदेशमा समेत कार्यक्रम गर्ने।

✓ प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमको सिलसिलामा प्रत्येक प्रदेशमा एउटा राम्रो र एउटा औषत विद्यालयको स्थलगत अवलोकन गरी जानकारी लिने ।

## अनुसूची २
## कार्यक्रमका सहभागी सरोकारवाला

प्रदेश सभाका प्रमुख सचेतकहरु

प्रदेश सभा अन्तर्गतको सामाजिक विकास समितिका सदस्यहरु

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री, सचिव र शिक्षा हेर्ने महाशाखा प्रमुख

गाउँपालिका महासंघ मार्फत वागमती प्रदेशभित्रका गाउँपालिकाहरु मध्येबाट समावेशिताका आधारमा अध्यक्ष र उपाध्यक्षहरुबाट ४ जना

नगरपालिका महासंघ मार्फत वागमती प्रदेशभित्र नगरपालिकाहरु मध्येबाट समावेशिताका आधारमा अध्यक्ष र उपाध्यक्षहरुबाट ४ जना

जिल्ला समन्वय समिति महासंघ मार्फत वागमती प्रदेशभित्र जिल्ला समन्वय समितिहरु मध्येबाट समावेशिताका आधारमा अध्यक्ष र उपाध्यक्षहरुबाट ४ जना

कार्यक्रम हुने पालिकाको प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत र शिक्षा हेर्ने महाशाखा प्रमुख

प्रदेशको उत्कष्ट/कमजोर विद्यालयका प्रधानाध्यापक/विद्यालय व्यवस्थापन समितिका अध्यक्ष

शिक्षक महासंघको प्रदेशस्तरीय कमिटीका प्रमुख/उपप्रमुख

कार्यक्रम हुने जिल्लाको शिक्षा विकास तथा समन्वय एकाई प्रमुख

प्रदेश शिक्षा निर्देशनालयको निर्देशक

संस्थागत विद्यालयहरु मध्येबाट कुनै २ विद्यालयका प्रतिनिधि

# अनुसूची-३
# कार्यक्रम तालिका

संघीय संसद
प्रतिनिधि सभा
शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

## विद्यालय शिक्षा विधेयकका सम्बन्धमा प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम

२०८१ माघ १४ गते
एभोकाडो होटल , हेटौंडा, बागमती प्रदेश

| कार्यक्रम | समय |
|---|---|
| रजिष्ट्रेशन तथा ब्रेकफास्ट | बिहान ८:०० |
| हल प्रवेश/कार्यक्रम प्रारम्भ | ८:५५ |
| **आसन ग्रहण**<br>• माननीय सभापति अम्मर बहादुर थापा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति<br>• संघीय संसदका माननीय सदस्यहरु<br>• माननीय सामाजिक विकास मन्त्री हरि प्रभा खड्गी (श्रेष्ठ)<br>• प्रदेश सभाका माननीय प्रमुख सचेतकहरु<br>• बागमती प्रदेश सभाको सामाजिक विकास समितिका माननीय सदस्यहरु<br>• जिल्ला समन्वय समिति महासंघ, नगरपालिका संघ तथा गाउँपालिका महासंघबाट यस प्रदेशमा प्रतिनिधित्व गर्नु हुने प्रमुख/उपप्रमुखहरु<br>• हेटौंडा उपमहानगरपालिका प्रमुख/ उपप्रमुख<br>• प्रदेश सभा सचिव<br>• सामाजिक विकास मन्त्रालयका सचिव<br>• उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत<br>• सामाजिक विकास मन्त्रालय र उपमहानगरपालिकाको शिक्षा महाशाखा प्रमुख<br>• सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघका प्रदेशस्तरीय कमिटीका प्रतिनिधि<br>• सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं प्रधानाध्यापक<br>• शिक्षक महासंघको प्रदेशस्तरीय कमिटीका प्रमुख / उपप्रमुख<br>• जिल्लाका शिक्षा विकास तथा समन्वय इकाई प्रमुख<br>• विषयविज्ञ, नेपाल पत्रकार महासंघका प्रदेश प्रमुख, पत्रकार लगायत उपस्थित सम्पूर्ण महानुभावहरु | ९:०० |
| **विधेयकको सम्बन्धमा समितिको अपेक्षा**<br>• माननीय सभापति अम्मर बहादुर थापा | ९:१०-९:२० |
| **विद्यालय शिक्षा विधेयक, २०८० बारे प्रस्तुतीकरण**<br>• डा. विष्णु बहादुर कार्की | ९:२०-९:४५ |
| **विद्यालय शिक्षा विधेयकका सम्बन्धमा सहभागीबाट सुझाव**<br>(बीचमा चिया ब्रेक-१० मिनेट) | ९:४५-१२:५० |
| **धन्यवाद सहित कार्यक्रमको समापन**<br>• माननीय सभापति अम्मर बहादुर थापा | १२:५०-१:०० |
| **दिवा खाना** | १:०० |

## अनुसूची-३
## विज्ञको प्रस्तुतीकरणका स्लाइड




### विद्यालय शिक्षा विधेयकमा भएका **केहि महत्वपूर्ण कुरा**

**विद्यालय शिक्षा**

१. **दुई तहको शिक्षा -** एकबर्षे पूर्व प्राथमिक सहित आधारभूत तह (कक्षा ० - ८), र माध्यमिक तह (कक्षा ९-१२), तर तीन प्रकारका शिक्षकको व्यवस्था कायमै रहेको अवस्था ।

२. **तीन प्रकारको विद्यालय शिक्षा:** माध्यमिक तहमा प्राविधिक शिक्षा सहित, साधारण र परम्परागत)

३. **विद्यालयका प्रकार: सार्वजनिक, निजी, गुठी, तथा अन्य स्रोतबाट सञ्चालित विद्यालय**

४. **लक्षितवर्गका लागि बिशेष प्रकृतिका विद्यालय** र **घुम्ती विद्यालय**को व्यवस्था

५. नेपाल सरकार बाट वा सुरक्षा निकायका कल्याणकारी कोषबाट **नमुना विद्यालय** वा **बिशिष्टीकृत विद्यालय** सञ्चालन गर्न सक्ने ।

## विद्यालय शिक्षा विधेयकमा भएका **केहि महत्वपूर्ण कुरा**

**विद्यालय स्थापना तथा सञ्चालन**

१. **विद्यालयको स्थापना र सञ्चालनको अनुमति** - राष्ट्रिय मापदण्डका आधारमा स्थानीय तहले दिने **तर आवस्यक पर्ने स्रोत सुनिश्चित हुनु पर्ने** ।

२. **निजी लगानीका विद्यालय:** नया बिद्यालय शैक्षिक गुठी अर्न्तगत मात्र स्थापना गर्न सकिने, सञ्चालनमा रहेका निजी **विद्यालय शैक्षिक गुठीमा रुपान्तरण गर्न सक्ने** जसका लागि **प्रोत्साहनको ब्यवस्था** ।

**शर्त:** *नक्शांकनमा नपरेको स्थानमा वा सञ्चालनका लागि आवस्यक पर्ने* ***स्रोत तथा शिक्षकको सुनिश्चित नभएको अवस्थामा*** *कुनै पनि प्रकारका विद्यालय* ***स्थापना तथा सञ्चालन गर्न वा कक्षा वा तह थपगर्न दिन पाइने छैन*** *।*

## विद्यालय शिक्षा विधेयकमा भएका **केहि महत्वपूर्ण कुरा**

**विद्यालय सञ्चालन तथा ब्यवस्थापन**

१. **प्रधानाध्यापकको ब्यवस्था** - स्थानीय तह भित्र अध्यापनरत स्थायी शिक्षकहरु मध्येबाट

२. **विद्यालय ब्यवस्थापन समिति** अभिभावकले आफु मध्ये बाट छानेको **संयोजक**

३. **विद्यालय कोष**को ब्यवस्था तथा चन्दा वा दान दातब्यबाट रकम प्राप्त गर्न सक्ने

४. **बिद्यालयको हकभोगमा रहेको** सम्पत्ति सार्वजनीक हुने ।

५. **विदेशमा नेपाली शैक्षिक कार्यक्रम** सञ्चालन गर्न पाउने ब्यवस्था ।

६. **गैर सरकारी संस्था र स्थानीय तह** बीच साझेदारी वा सहकार्य गर्न सक्ने ब्यवस्था

## विद्यालय शिक्षा विधेयकमा भएका **केहि महत्वपूर्ण कुरा**

**शिक्षण तथा सिकाइ सम्बन्धि ब्यवस्था**

१. **राष्ट्रिय पाठ्यक्रम प्रारुप** अनुरुप पठन पाठन र परीक्षाको (२० प्रतिशत स्थानीय कति आवस्यक कति प्रभावकारी?)

२. **शिक्षण माध्यमको भाषा** - नेपाली, संस्कृत, मातृभाषा, वा अंग्रेजी (तर एउटै विद्यालयमा फरक फरक भाषामा पढाउने काम कति उपयुक्त हो?

क. गणित, बिज्ञान, र कम्प्यूटर बिषय अंग्रेजी भाषामा

ख. नेपाली मौलिक कला, संस्कृति, सभ्यता, सामाजिक रहनसहन इत्यादी नेपाली वा मातृभाषामा ।

३. **अध्यापन अनुमतिपत्रको ब्यवस्था**

४. **शिक्षकलाइ अन्य काममा लगाउन नपाइने**

## विद्यालय शिक्षा विधेयकमा भएका **केहि महत्वपूर्ण कुरा**

**शिक्षण तथा सिकाइ सम्बन्धि व्यवस्था**

५. **शिक्षक व्यवस्थापन** - सेवा आयोगले दरबन्दी समायोजन र सिफारिस गर्ने, स्थानिय तहले नियुक्ति, सरुवा र अवकास हेर्ने । (१५ मध्ये ८ परिच्छेद (**५३ प्रतिशत**), र १६३ मध्ये १०१ दफा (**६२ प्रतिशत**) शिक्षक र पेशागत व्यवस्था संग सम्बन्धित)

**शिक्षक प्रभावकारीता:** स्थायी भन्दा अस्थायी, तालीम प्राप्त भन्दा अप्राप्त, अनुभवी भन्दा सिकारु, सामुदायीक भन्दा निजी विद्यालयका शिक्षक

**६. प्रशासनिक तथा प्राविधिक संरचना**

- शिक्षा बिभाग केन्द्रमा, शिक्षा कार्यालय जिल्लामा - केन्द्रिय सरकारको मातहत
- प्राविधिक संरचना - CTEVT, पाठ्यक्रम बि.के., शिक्षक तालीम, परीक्षा, इत्यादी

**घट्दौ शैक्षिक गुणस्तरका तथा शैक्षिक वातावरण सुधार गर्न के गर्ने?**

## विद्यालय शिक्षा विधेयकमा भएका केहि **चुनौतिपूर्ण** कुरा

१. **सामुदायीक विद्यालयको गुणस्तरको सवाल** - लगानीको अवस्था

क. अग्रेजी र नेपाली माध्यमबाट पढाइने विद्यालय

ख. शुल्क लिने र नलिने विद्यालय

ग. बिभिन्न बिषयगत धारका शिक्षा पढाइने विद्यालय - सबै विद्यालयमा सबै धार आवस्यक हो?

२. **निजी विद्यालयको** स्थापना र सञ्चालन - शैक्षिक गुठीमा नगए के हुने?

**३. निःशुल्क तथा अनिवार्य शिक्षा** - राजनीतिक बुझाइ र यथार्थ

*सार्वजनिक विद्यालयमा शुल्क लिन नपाउने तर निजी लगानीका विद्यालयमा राष्ट्रिय मापदण्डको अधिनमा रहि स्थानीय तहले तोकेको शीर्षक र सीमाभित्र रहि शुल्क लिन सक्ने।*

**४. शिक्षक व्यवस्थापन** - स्थानीय तह मातहत रहने कुरा र जवाफदेहिताको सवाल ।

**५. शिक्षाका प्रशासनिक संरचना** - संघमा **शिक्षा बिभाग**, र प्रत्येक जिल्लामा **शिक्षा कार्यालय** ।

६. **शिक्षाका प्राविधिक संरचना** - CTEVT, परीक्षा बोर्ड, शिक्षक सेवा आयोग, पाठ्यक्रम बिकास केन्द्र, शैक्षिक गुणस्तर केन्द्र, शिक्षक किताबखाना इत्यादी ।

## फरक ढंगले सोच्नुपर्ने केहि बिषय

**१. अनिवार्य तथा नि:शुल्क शिक्षा**

क. **अनिवार्य के हो** - शिक्षा हो कि, सीप अनिवार्य हो ?

ख. **दायीत्वको कुरा** - अनिवार्य शिक्षा पछि के त ?

ग. **लागतको कुरा** - कसले कति बेहोर्ने हो ? संघियतामा **लागत साझेदारी प्राय: अनिवार्य अवस्था हो ।**

**२. निजी क्षेत्रबाट सञ्चालित विद्यालय शिक्षा**

क. शिक्षाको कुन उद्देश्य पुरा गर्नका लागि निजी विद्यालय ?

ख. पहुच र प्रतिनिधित्व सुनिश्चित गर्ने बिषय

ग. गुणस्तर लगायतका बिषय अनुगन तथा नियमन गर्ने कुरा ।

**३. विद्यालय शिक्षाका मोडेल**

क. एकल बाट बहु मोडेलमा जाने हो कि ?

## थप स्पष्ट गर्नुपर्ने केहि बिषय

**१. तहगत सिकाइ वा गुणस्तरको मानक -** कक्षा कोठा भित्र सिमितगर्ने कि परिवार, समाज, सस्कृति, पर्यावरण पनि समेट्ने हो ?

**२. प्राविधिक तथा ब्यावसायीक शिक्षा**

- सबैका लागि हो कि लक्षित वर्ग र खास उमेर समुहका लागि मात्र हो?
- निशुल्क तथा अनिवार्यहो कि होइन ?

**३. परीक्षा ब्यवस्था**

- एउटै विद्यालय भित्र सञ्चालित प्राविधिक, साधारण, तथा परम्परागत विद्यालयका लागि फरक फरक परीक्षा बोर्डको कि एकिकृत ब्यवस्थागर्ने हो?
- पूर्व सिकाइ तथा परम्परागत सिपको मुल्यांकन तथा मान्यताको बिधि कसरी तय गर्ने?

**४. कक्षा शिक्षण तथा सिकाइका लागि सहयोगी संरचना**

- कक्षाकोठा भित्रहुने शिक्षण तथा सिकाइ बिधिको निरन्तर अनुगमन, मुल्यांकन तथा क्षमता विकासमा लागि आवस्यक संरचना तथा प्राविधिक जनशक्तिको ब्यवस्था ।

# अनुसूची- ४
# अन्तर्क्रिया कार्यक्रमका केही झलक









# अनुसूची ५

## विद्यालय अवलोकन सम्बन्धी केही झलक









हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक
श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर


नारायणी नमुना माध्यमिक विद्यालय
Narayani Model Secondary School
ISO
"An ISO 9001 : 2015 Certified School"


Narayani Model Secondary School
ISO


हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक
श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर


Narayani Model Secondary School
ISO
"An ISO 9001 : 2015 Certified School"




Narayani Model Secondary School
ISO
"An ISO 9001 : 2015 Certified School"








Model Secondary School
H.W. डायरीको व्यवस्था गरियो।
शिक्षक डायरीको व्यवस्था गरियो।
Classroom मा log book भर्ने व्यवस्था गरियो।
SCHOOL DIARY

..............................
अम्मर बहादुर थापा
माननीय सभापति

..............................
ईश्वरी घर्ती
माननीय सदस्य

..............................
देवेन्द्र पौडेल
माननीय सदस्य

..............................
प्रभु हजरा
माननीय सदस्य

..............................
लिला देवी वोखिम (लिम्बू)
माननीय सदस्य

..............................
ज्ञानु बस्नेत सुवेदी
माननीय सदस्य

..............................
दशरथ धमला
समिति सचिव